ने. भा. प्र. समितिले स्वीकार गरेको

# प्रपञ्चचर्चा

लेखक—

फुलचन्द्र गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

14 Aug 2021

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

युगलचर्चाको पूर्वार्द्ध

# प्रपञ्चचर्चा

—— ० ——

यो

ने. भा. प्र. समितिका मञ्जूरीले
काशी लक्ष्मीनारायण प्रेसमा
छापियो

वि० सं० १९९३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रक—ना० रा० सोमण,
श्रीलक्ष्मीनारायण प्रेस, बनारस-सिटी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# वक्तव्य

अनन्तकोटिब्रह्माण्डनायकलाई कोटि कोटि नमस्कार छ,—जस्का प्रेरणाले आजन्म गरेका अनेकानेक व्यतिक्रम ( अपराध ) मध्ये थोडा-बहूत व्यतिक्रमको स्मरण भयेर क्षमाका निमित्त प्रार्थनाको सुयोग मिल्न गई यो सानु स्तोत्ररूप ग्रन्थको रचना हुन गयो. फेरी यो विशाल धरातलमा यस्तायस्ता व्यतिक्रमवाला मजस्ता अधम कुनै व्यक्ति शायद अहिले रहेछन्, अथवा कालान्तरमा पैदा हुन गये भने,—तिनै २ प्रकारका ( वर्तमान र भविष्यत् ) मेरा सहयोगी भाईहरूले समेत यसवाट लाभ उठाऊन् भन्ने आशयले यस स्तोत्रको भाषामा तात्पर्यानुवाद समेत भयो. यसरी मजस्ता तुच्छव्यक्तिवाट वनेको यो ग्रन्थ सौभाग्यवश क्यही दिन **सकलप्रजावत्सल धर्मानुरागी विवेक-सौजन्य-औदार्य-प्रभृति सद्गुणका सागरस्वरूप श्री ३ महाराज जुद्धसमशेर जङ्ग वहादूर राणाका** करकमलको स्पर्शले अनुगृहीत र प्रकाशका निमित्त अनुमोदित भई आज सज्जनहरूका समक्षमा हाजीर छ. यस्मा लेखियेको इतिवृत्त खास आफ्नै हो। कसैको आक्षेप गर्नाका मिमित्त लेखियेको होइन. यदि यस्मा देखाइयेका दुर्गुण कुनै अरु व्यक्तिमा रहेछन् भने **"यो लेखक पनी मैजस्तो रहेछ. यस्ले आत्मकथा प्रकाश गर्‍यो के विरायो ? रिसाउनु ठीक छैन. यो कुरा मुनासिवै हो"** यस्तो सद्विचार पटी लागेर ईर्ष्यालाई हटाई गुणमात्रको ग्रहण गर्न म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बारंबार सविनय प्रार्थना गर्दछु. यस्मा देखाइयेका दुर्गुण कसैमा रहेन छन् भने ता आहा! झन् असल भयो,—त्यस्ता सज्जनहरू संगता म आग्रहपूर्वक "अलीकति टायम खेरगयेको परवाह नराखी हर्षगद्गद भयेर अधमको कौतुकपूर्ण जीवनचरित्र पढदै आफुलाई धन्य धन्य भाग्यवान् संझनु हवोस है" यो प्रार्थना गर्दछु। "संसारमा निर्दोष वस्तु कुनै छैन" यो सिद्धान्त र "पापं तरति कीर्तनात्" यो सिद्धान्तलाई लियेर मता आफ्ना व्यतिक्रमको प्रकाश गर्न पाउँदा खूब खुशी भई यस्का प्रयोजक श्री ३ महाराजको जय मनाउँदै यो प्रस्ताव समाप्त गर्दछु.

कुलचन्द्र गौतम.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# समर्पण

सकलप्रजावत्सल, धर्मपरायण, विवेकसागर, विद्यावृद्धिमा दत्तचित्त भयेर आफ्नादेशका सच्चा भाग्यविधाता होईबक्सेका, स्वस्ति श्रीमदतिप्रचण्ड भुजदण्डेत्यादि ओजस्वीराजन्य, प्रोज्ज्वलनेपालतारा, अतिप्रवलगोरखादक्षिणवाहु, पृथुलाधीश, श्रीश्रीश्री-महाराजजुद्धसमशेरजङ्गवहादूराणा, जी., सी , एल , एच्., जी. सी. एल्., जी. सी. एस्. आई., जी. सी. एस्. एस्. एम्. एल्. जी., सी, आई, ई. यितेङ्ग पावटिङ्ग, सून चियान् लुचुयान् स्याङ्ग च्याङ्ग अनरेरी लेफटनेण्ट जनरल वृटिश आर्मी· अनरेरी कर्णेल ऑफ ऑल दी गोरखा राइफल रेजिमेण्टस् इण्डियन आर्मी प्राइम्मिनिष्टर आयण्ड सुप्रीम कम्याण्डर-इन-चीफ इत्यादि विरुदपरम्पराले सुशोभित श्रीमहाप्रभुका करकमलमा यो सानू फगत भक्तिमात्रले वनेको पुस्तक सविनय अर्पण गर्छु ।

भक्त-भिक्षुक

कुलचन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# समर्पण

सकलप्रजावत्सल, धर्मपरायण, विवेकसागर, विद्यावृद्धिमा दत्तचित्त भयेर आफ्नादेशका सच्चा भाग्यविधाता होईवक्सेका, स्वस्ति श्रीमदतिप्रचण्ड भुजदण्डेत्यादि ओजस्वीराजन्य, प्रोज्ज्वलनेपालतारा, अतिप्रबलगोरखादक्षिणबाहु, पृथुलाधीश, श्रीश्रीश्री-महाराजजुद्धसमशेरजङ्गवहादूरराणा, जी., सी, एल, एच्., जी. सी. एल्., जी. सी. एस्. आई., जी. सी. एस्. एस्. एम्. एल्. जी, सी, आई, ई. यितेङ्ग पावटिङ्ग, सून चियान् लुचुयान् स्याङ्ग च्याङ्ग अनरेरी लेफटनेण्ट जनरल वृटिश आर्मी अनरेरी कर्णेल अॅफ अॅल दी गोरखा राइफल रेजिमेण्टस् इण्डियन आर्मी प्राइम्मिनिष्टर आयण्ड सुप्रीम कम्याण्डर-इन-चीफ इत्यादि विरुदपरम्पराले सुशोभित श्रीमहाप्रभुका करकमलमा यो सानू फगत भक्तिमात्रले वनेको पुस्तक सविनय अर्पण गर्छु ।

भक्त-भिक्षुक

कुलचन्द्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

* श्रीगणेशाय नमः *

युगल-चर्चाको पूर्वार्द्ध

# प्रपञ्च-चर्चा

अद्भुतशक्ति भएकी भक्तिका सहाराले मनलाई पगालेर, वचन गद्गद-पोर्दै, अश्रुविन्दु बरबर गिराउँदै, रुँदैरुदै, शिरमा अञ्जलिराखेर आफ्नू अपराधको क्षमागराउनाका निमित्त वारवार गोविन्द * भगवान्का ( अन्तर्यामी सर्वशक्तिमान् परमेश्वरका ) पाउमा पर्दछु:—

( १ )

रुदन् स्खलद्गीः स्रवदश्रुसन्तति-
र्द्रवन्मना मूर्धनि धारिताञ्जलिः ।

---

* गोभिर्वेदान्तवाक्यैर्विद्यते ज्ञायते इति गोविन्दः परमात्मा। "गोभिरेव यतो वेद्यो गोविन्दः समुदाहृतः" यस्तो शाङ्करभाष्यको वचनानुसार गोविन्द भन्नाले उपनिषद्वाक्यद्वारामात्र जान्नशकिने परमात्मा बुझिन्छ । त्यसोंहुनाले शैव-शाक्त-गाणपत्य-वैणव-सौर सवै संप्रदायका भक्तले यो क्षमाप्रार्थना गर्नु उचित हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुहुर्मुहुः स्वं क्षमयन् व्यतिक्रमं
पतामि गोविन्दपदारविन्दयोः ॥

× × ×

भगवन् गोविन्द ! जीवकोटिमा संमिलित भएर अनेकानेक-पापमार्गमा प्रवृत्त भएको हुनाले वारंवार जन्म-जरा-मरणको चक्रमा घुमीरहनु पर्दा मेरो जो शोचनीय अवस्था भई रहेको छ-त्यो म के विन्ति चढाऊँ । यस जीवनीमा जो जो मेरा वान्धव हुन आएका छन् तिनिहरु समेत मेरो रोदनध्वनिको ( रुवाईको ) आकाङ्क्षागर्ने भए । "वड कतैकतै नानी पाई" इत्यादि प्रयत्नले मलाई रुवाउँदा उनीहरुलाई आनन्दलाग्ने भयो । घरमा पापा मौजूद भए पनी रोएँ भने त्यो पापा पाउने नत्र न पाउने भएँ । हाय ! "वालानां रोदनं बलम्" यो उक्तिलाई सत्य गराउँदै रोई-रोई मैले अभीष्टसिद्धि गर्नु पर्‍यो । कसैले पापा शब्दको उच्चारण गर्दछकी भन्ने आशाले मेरो चित्त वांधियो । भगवन् ! त्यस्तो अजान वाल्यावस्थामा मबाट जो व्यतिक्रम ( अपराध ) हुनगयोहोला त्यो क्षमा गरिबक्सियोस् :—

( २ )

प्रभूतपापाध्वनिबद्धचेतसः
स्वबन्धुताशंसितरोदनध्वनेः ।
अजानतः शैशवदूषितात्मनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ पछी कौमार ❀ अवस्थाको भुक्तान गर्नु पर्दा अतिशय चञ्चलतार अशान्तताले व्याकुल हुन गएँ। फगत खेल्नु सुत्नु खानु यत्ति कुरामा मेरो ज्ञान नियमित हुन गयो। भगवन्! त्यस अवस्थाको व्यतिक्रम (अपराध) क्षमा गरिबक्सियोस्:—

( ३ )

नितान्तलोलस्य कुमारतावशा-
दशान्तताव्याकुलितस्य केवलम्।
विहारनिद्राभ्यवहारवेदिनः
क्षमस्व गोविन्द! मम व्यतिक्रमम्॥

× × ×

वहाँ पछी जवर्दस्त पौगण्ड † अवस्थाको आज्ञामा चल्नु पर्दा, आफ्ना दौंतरी वालकहरुमा विशेष प्रेम गर्ने, थकाईको पनी पर्वाह नराखेर उनै सँग खुशी साथ उफ्रदा उफ्रदैमा दिन विताउने भएँ। भगवन्! त्यस अवस्थाको व्यतिक्रम क्षमा गरिबक्सियोस्—

( ४ )

समं वयस्यैः प्रणयैकसंश्रयै-
र्मुहुर्मुदैवोच्छलतो गतश्रमम्।
प्रचण्डपौगण्डनिदेशवर्तिनः
क्षमस्व गोविन्द! मम व्यतिक्रमम्॥

× × ×

❀ ५ वर्ष सम्मको अवस्था। † १० वर्ष सम्मको अवस्था।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यो बालक गुणी ( इलमदार ) हवोस्" यस्तो असल खायश गर्ने बाबू गुरु हरूलाई छकाउने चालाकी ( बठ्याई ) गर्न शकेमा आनन्द मनाउने मैले त्यो पाजी कैशोर ✻ अवस्थाको आश्रय गरेका वेलामा जो अपराध गरें भगवन्! त्यो क्षमा गरिबक्सियोस्—

( ५ )

गुणित्वसाकाङ्क्षगुरुप्रतारणा-
प्रवीणतासाधनलब्धशर्म्मणः ।
असाधुकैशोरदशावलम्बिनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

आफ्ना बाटामा चलेका सौन्दर्य संपन्न उमेरदार स्त्रीजनहरूलाई देख्ता यताउती पल्याक् पुलुक् गरी हेर्न थाल्ने, पापीयौवनावस्थाले† आजीत पारिएका मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्:—

( ६ )

स्ववर्त्मसंचारि—सुरूपतोल्लस-
द्वयःस्थनारीजनलोलचक्षुषः ।
अपुण्यतारुण्यकदर्थितात्मनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

✻ १५ वर्ष सम्मको अवस्था । † १६ वर्ष उप्रान्तको अवस्था ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जवानी ( यौवनावस्था ) का तासीरले मन मस्त हुँदा आफ्नी जन्मदायिनी पुत्रवात्सल्यवती जननीसँग ठाक्-ठुक् झगड़ा हुन थाल्यो। खिसिक्क हाँसेर नखरा देखाउने स्वास्तीको दासभाव ( कमारोपना ) लाई प्रेम पूर्वक स्वीकार गरें। त्यस अवस्थामा जो विदग्धता ( चालाकी ) आयो त्यसैले विशुद्धपद्धति ( सबै संगको प्रेमपूर्वक सहानुभूति-सौजन्य-इत्यादि असल चालचलन ) लाई भस्मीभूत पारेर डढाई दियो। भगवन्! त्यस्तो प्रचण्ड अवस्थाले आक्रमण ( हमला ) गरेको वेलामा मबाट जो जो व्यतिक्रम भयो त्यो क्षमागरिवक्सियोस्:—

( ७ )

युवत्वमाद्यन्मनसः प्रसूद्विषः
सहासजायाजनदासताजुषः।
विदग्धतादग्धविशुद्धपद्धतेः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम्॥

× × ×

भगवन्! हर्दम आफ्नी प्रणयिनीसँग वसेर इच्छानुसार विनोद गर्न लागेका वेलामा आवश्यकताले भेट् गर्न आयेका, आफ्ना हितैषी पूज्यजनहरुलाई जाज्वल्यमान भएका आँखाले डढाउन खोज्ने, ( कपिलमुनि-महारुद्रको जस्तो सामर्थ्य पाये बाकी नराख्ने ) काम किङ्कर भयेका अवस्थाको मेरो व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ८ )

जनीसहास्यासुखविघ्नतां गतान्
दिदृक्षमाणान् सुहृदोऽपि संमतान् ।
दिधक्षतः प्रज्वलितेन चक्षुषा
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! धेरै काल देखी लागीरहेको रहर पुऱ्याउने साना-साना बालबच्चा हरुको हँसीलोर मीठो बोलीले लठ्ठ परेर बुद्धि भ्रष्ट भई विचारशून्य भएका अवस्थामा रहने मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस्ः—

( ९ )

कृतस्मितैरर्भकमुग्धभाषितै-
श्चिरत्नकौतूहलपूर्तिहेतुभिः ।
प्रमुष्टबुद्धेरविमृष्टकारिणः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भोकले व्याकुल भयेर आर्तनाद गर्ने बालबच्चाहरुले र, मलिन मुख सुखहीन दीनातिदीन भएकी गृहिणीले गर्दा बारंबार ठूलो पीरको अवस्थामा परेका मेरो जो जो व्यतिक्रम छः; भगवन् ! गोविन्द ! त्यो सब क्षमागरिबक्सियोस्ः—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( १० )

कृतार्तनादैः शिशुभिर्बुभुक्षितैः
परिग्रहैर्म्लानमुखैः सुखोज्झितैः ।
व्यथां प्रयातस्य मुहुः प्रथीयसीं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

खतम् पार्न नशाकिने साह्रै लामू जवर्दस्त दारिद्र्यले खूब हैरान भएकी गृहिणीका तीक्ष्ण-तीक्ष्ण कटाक्ष प्रहारले बुद्धि क्षुब्ध ( खल्-बलियेको ) हुन जाँदा वेचैनीको स्वाद लिन लागेका मेरो व्यतिक्रम जो छ; भगवन् ! गोविन्द ! त्यो क्षमागरिबक्सियोस्:—

( ११ )

दुरन्तदौर्गत्यनितान्तपीडित
स्वकीयकान्तानयनान्तवीक्षितैः ।
प्रतिक्षणक्षुब्धमतेरनिर्वृतेः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! आफ्नै परिवारवर्गका हालाहलविषको घमण्ड-तोड्ने नानाप्रकारका अमङ्गलप्राय दुर्वचनले अन्तरात्मा विह्वल हुन जाँदा धेरै दौलत कमाउनालाई चित्त अर्पण गरेर रहेका अवस्थामा भएको मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्:—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( १२ )

निरस्तहालाहलगर्वदुर्वद-
कुटुम्बकोलाहलविह्वलात्मनः ।
प्रभूतवित्तार्जनदत्तचेतसः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

दौलतका गर्मीले खूब रन्केका मानिसका नगीचमा जानुनै मुख्य कर्तव्य संझेर तदनुसार गर्दा चित्त समेत यो शरीर शुष्क हुन गयो। भगवन्! गोविन्द! कुटुम्बपोषणलाईमात्र कर्तव्य संझने उक्त अवस्थामा रहेका मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्ः—

( १३ )

धनोष्मसंतप्तजनोपसर्पण-
प्रधानताशोषितचित्तवर्ष्मणः ।
कुटुम्बसंपोषणमात्रकर्मणः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन्! हररोज धनवान् हरुको पाउपरेर जहान बच्चा हरुको जीवनवृत्ति चलाउने मन्सुवा गरें; परन्तु कुनै दिन पनि हजूरका चरणयुगलको उचित सेवागर्न इच्छामात्र पनी गरिन। यो व्यतिक्रम क्षमागरिबक्सियोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( १४ )

निपत्य नित्यं सधनस्य पादयो-
रपत्यजायाजनजीवनार्थिनः ।
अनिच्छतस्वच्चरणद्वयार्चनं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! आफ्नू अविद्यता ( विद्याशून्यता-मूर्खता ) लाई-ढाक्नाका निमित्त सत्यविद्याको संपादन गर्न नशकेर फगत धूर्तविद्या हाशील गरेको हुनाले चित्तमा कहिल्यै पनी शान्ति रहन शकेन ( धूर्तविद्या ठेलमठेल गरि भरेको हुनाले सदा सर्वदा चित्त डग्मगाई रहेको छ )

"जप्येनैव तु संसिध्येद् ब्राह्मणो नात्र संशयः ।
कुर्यादन्यन्नवा कुर्यान्मैत्रो ब्राह्मण उच्यते ॥" मनु०

इत्यादिवचनानुसार अरु कृत्य गर्न नशके पनी गायत्रीको जप ठीक ठीक ( यथोक्तकालमा यथोक्तरीतिले ) गर्नु पर्नेमा सो समेत यथोक्त गर्न नशक्ने ज्ञानहीन गतिहीन भएका मेरो व्यतिक्रम क्षमागरिबक्सियोस् :—

( १५ )

अविद्यतागुप्तिनिमित्तसंचित-
स्वधूर्तविद्यातरलीकृतात्मनः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निजं मतं साधु जपं न जानतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! "आफ्ना निमित्त गरेका पाठपूजाले आफ्नूकल्याण हुन्छ" यस्तो दृढविश्वास नभएको हुनाले यथाभावी अनुष्ठानद्वारा पराईको कार्यसिद्धि गरेर धनार्जन गर्न खोज्ने, नास्तिकप्राय भई बाँचीरहेको पनी वास्तव विचारमा मृतप्राय भई सकेको, आफ्नै दुर्बुद्धिले हतार्थ ( आफ्नू कल्याण नष्ट गर्ने ) भएर पनी आफुलाई कृतार्थ संभने, अज्ञानान्धकूपमा गिरेका, मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस् :—

( १६ )

अपष्ठ्वनुष्ठानपरार्थसाधन-
प्रवृत्तबुद्धेर्हतकस्य जीवतः ।
स्वयं हतार्थस्य कृतार्थमानिनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! आफ्नू द्विजत्वसिद्धि गर्ने पाठ* ( वेदाध्ययन ) न जानेर पनि येनकेन प्रकारेण अर्कैको पाठ गर्नालाई तयार रहने,

---

* आचारसंपन्न भएका ब्राह्मणहरुको आशीर्वादमात्रले पनी यजमानको अभीष्ट सिद्धि हुन शक्त छ। आचारहीन भएका ब्राह्मणले गरेका पाठबाट यजमानको कल्याण दुर्घटै छ। त्यस्ता ब्राह्मणबाट भएका पाठले पनी थोडाबहूत कल्याण भएको देखिन्छ ता पनी त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चञ्चल बुद्धि हुनाले त्यो पनि यथायोग्य गर्न नशक्के मेरो व्यतिक्रम क्षमा गरिवक्सियोस् :—

( १७ )

**प्रवृत्तमात्रस्य धियाऽनवस्थया**
**यथाकथं चित्परपाठकर्मणि ।**
**द्विजत्वदं पाठमजानतो निजं**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

विद्याविनयादि सद्गुणवाट प्रतीक्ष्यता ( पूज्यता ) हुन्छ भन्ने कुराको मोटामोटी ज्ञान छँदा छँदै सद्गुणको संपादन गर्न पट्टी नलागेर "आफू प्रतीक्ष्य हुन पाऊँ" यस्तो कामनाले वाटाबाटामा* धर्ना दिई वग्गी मोटर मा विमानभयेका मानिसका

---

कल्याण यजमानका श्रद्धाबलले भएको हो पाठका प्रभावले होइन । हाय ! हाय ! मैले यो कुराको विचारै राख्न शकिन रः—

**अर्कैको पाठ ताकेर परि पाठ मिलाउँछू ।**
**आफ्नू त्यो पाठ छाडेर दिनैदिन बिलाउँछू ॥**

* "दिन्भर बाटामा खडा रहँदा पनी समुझदार विवेकी मानिसले देख्यो भने "यो बाहुन्ले बाटो छाडेछ" भनी तुच्छभावले हेर्न थाल्दछ भने यो बाटामा किन लागौं ?" यस्तो विचार पनी आएन,—प्रतिदिन आफुले देखेको वृत्तान्त वाट—

**बोलाइन्छन् घरैवाट विवेकिजनले गुणी ।**
**बाटावाट हटाइन्छन् डटेकालण्ठ निर्गुणी ॥**

यो कुरा पनी चित्तमा दृढ हुन शकेन ! यो मेरो बुद्धिव्यदिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृपाकटाक्षको प्रतीक्षा गर्दागर्दै दिन बिताएँ। भगवन्! "जस्को प्रतीक्षा गरिन्छ उ पो प्रतीक्ष्य हुन्छ; प्रतीक्षा गर्दैमा अयोग्यव्यक्ति प्रतीक्ष्य हुन शक्तैन." यत्ति समुझ पनि नभएर मार्गभ्रष्ट भएका मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस् :—

( १८ )

सतः पथि स्यन्दनमध्यवर्तिनां
प्रतीक्ष्य दृग्वारिजकोणवीक्षणम् ।
प्रतीक्ष्यतामात्मन एव वाञ्छतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

अलीकति परिचय भएको धनीमानिस देख्नाका साथ लम्की-लम्की भेट्टाई छाडेर टाढै देखी तेर्स्याएको हात तेस्का टाउकामा राख्न खोज्ने, ३ कौडीकी बुद्धि पनी न भएको, धनको गन्धमात्र भेट्टाउँदा हत्तेहाले मेरो व्यतिक्रम* क्षमागरिबक्सियोस् :—

* कसैले परिचित र पूज्य संझेर ढोगदियो भने त्यस्लाई यथारीति आशीर्वाद दिनु मुनासिब हो। "आफैं मपाई भएर अपरिचित प्राय भएको व्यक्तिलाई आशीर्वाद दिने ब्राह्मण चाण्डाल र आशीर्वाद लिने व्यक्ति नरकगामी हुन्छ." भनी (१) शास्त्रमा कहिएको आचार नटेरेर फगत देखादेखीको भर गर्नु मेरो भारी व्यक्तिक्रम हो।

(१) नमस्कारं विना विप्र आशीर्वादं प्रयच्छति ।
विप्रो भवति चाण्डालो गृह्णानो नरकं व्रजेत् ॥
[ आह्निक—जमदग्नि ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( १९ )

असंस्तुतानां धनिनां प्रसर्पतां
निधित्सतो मूर्धनि दूरतः करम् ।
अधन्यबुद्धेर्धनगन्धगर्द्धिनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

अधिवाटै बद्धाञ्जलि भई ३ बित्ता शिर झुकाएर *स्वस्ति

---

* "स्वस्ति" यो आशीर्वादको पर्याय हो भने "नमस्कारं विना विप्र आशीर्वादं प्रयच्छति। विप्रो भवति चाण्डालो गृहानो नरकं व्रजेत्" यो वचनको अनुसार नमस्कार नपाई स्वस्तिको प्रयोग गर्नु मेरो प्रथम व्यक्तिक्रमहो। यस पक्षमा त्यस्ता स्वस्तिको अरूले वास्ता नराख्नु वहुतै उचित हो। नरकगामी हुन को चाहन्छ ? तैपनी पछी लाग्नु मेरो दोस्रो व्यतिक्रमहो. "स्वस्ति" यो मान्यजनको अभिवादन ( ढोग ) हो भने—

"उपाध्यायः पिता ज्येष्ठो भ्राता चैव महीपतिः।
मातुलः श्वशुरस्त्राता मातामहपितामहौ ॥
बन्धुर्ज्येष्ठः पितृव्यश्च पुंस्येते गुरवः स्मृताः।
माता मातामही गुर्वी पितुर्मातुश्च सोदरा ॥
श्वश्रूः पितामही ज्येष्ठा धात्री च गुरवः स्त्रियाम्।
गुरून्दृष्ट्वा समुत्तिष्ठेदभिवाद्य कृताञ्जलिः ॥

[ कूर्मपुराण ११ अध्याय ]

"राजर्त्विक्श्रोत्रियाधर्मप्रतिषेध्युपाध्यायपितृव्यमातामह-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न खोज्दाखोज्दै हर्र मोटर आयो गयो,—आफ्नू वास्ता कसैले राखेन. तैपनी स्वाँ स्वाँ गर्दै पछी लागें. भगवन्! गोविन्द! त्यस अवस्थाको मेरो व्यक्तिक्रम क्षमा गरिबक्सियोस् :—

( २० )

नतं विधाय त्रिवितस्ति मस्तकं
करिष्यतः स्वस्ति पुरः कृताञ्जलेः।
उपेक्ष्यमाणस्य सतोऽनु धावतः
क्षमस्व गोविन्द! मम व्यतिक्रमम्॥

× × ×

मातुलश्वशुरज्येष्ठभ्रातृसंबन्धिनश्चाश्चाचार्यवत्, पत्न्य एषां सवर्णाः— [ गौतमस्मृति ]

"दूरस्थं जलमध्यस्थं धावन्तं मदगर्वितम्।
क्रोधवन्तं विजानीयान्नमस्कारं विवर्जयेत्॥
पुष्पहस्तो वारिहस्तस्तैलाभ्यक्तो जलस्थितः।
आशीःकर्ता नमस्कर्ता उभयोर्नरको भवेत्॥

[ कर्मलोचन ]

इत्यादि वचनानुसारैका व्यक्ति लाईपनी त्यस अवस्थामा अभिवादन गर्नु मेरो (१) व्यतिक्रमहो भने अरु व्यक्तिलाई त्यस अवस्थामा अभिवादनगर्नु के योग्य होत ?

---

(१) यहीं बताइएका गरीब अभिवाद्यजन (ढोगदिनु पेर्न मान्यजन) बाटामा भेटिन गएमा भने देखेको नदेखेभयैं गरी हिंडें। यो मेरो ठूलो व्यतिक्रमहो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! कायदा साथको प्रत्यभिवादन ( अरुले अभिवादन ( ढोग ) गरेमा गर्नु पर्ने विधि ) न जान्ने भएर पनी अरुले अभिवादन * ( ढोग ) दियेन भन्दैमा नाराज भएर नाना

---

* वास्तवमा उत्तरोत्तर मुख्य (१) अभिवाद्यताप्रयोजक ( ढोग दिनुपर्नामा कारण भएका ) दौलत १ नाता २ उमेर ३ तप ४ विद्या ५ इन्को पूर्ण सत्ता भएपनी ब्राह्मण्यको उत्कर्षका निमित्त (२) मानको भन्दा अपमानैको खायश गर्नु पर्नेमा, (३) ब्राह्मणवर्णमा मान्यताको मुख्य कारण विद्या नहुँदा (४) प्रत्यभिवादन पनी यथोचित गर्न नजान्नेलाई अरुले अभिवादन नगरेमा अरुको के दोष ? त्यस्मा नाराजी किन ?

---

(१) वित्तं बन्धुर्वयः कर्म विद्या भवति पञ्चमी ।
एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम् ॥
पञ्चानां त्रिषु वर्णेषु भूयांसि गुणवन्ति च ।
यत्र स्युः सोऽत्र मानार्हः शूद्रोऽपि दशमीं गतः ॥

[ मनु० अ० २ श्लो० १३६–१३७ ]

(२) संमानाद्ब्राह्मणो नित्यमुद्विजेत विषादिव ।
अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा ॥

[ मनु० अ० २।१६२ ]

(३) विप्राणां ज्ञानतो ज्यैष्ठ्यं क्षत्रियाणां तु वीर्यतः ।
वैश्यानां धान्यधनतः शूद्राणामेव जन्मतः ॥
न तेन वृद्धो भवति येनास्य पलितं शिरः ।
यो वै युवाप्यधीयानस्तं देवाः स्थविरं विदुः ॥

[ मनु० २।१५५ ]

(४) आयुष्मान् भव सौम्येति वाच्योविप्रोऽभिवादने ।
अकारश्चास्य नाम्नोऽन्ते वाच्यः पूर्वाक्षरः प्लुतः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकारका रीस-डाह-दैन्य-चिन्ता इत्यादि खराव-खराव मनोवृत्तिको अवलम्बन गर्दै, धैर्य-सद्विचार-शान्ति इत्यादि सद्गुणको ध्वंस पारेर, निस्तेज भएको आफ्नु उन्नतिको मार्ग न लिने महामूर्ख मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्:—

( २१ )

**अजानतः प्रत्यभिवादनं सतो-**
**ऽभिवादनं विप्रतया जिघृक्षतः ।**
**तिरोभवत्सत्त्वतया निरोजसः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

अज्ञानले अथवा धनमदले अथवा अरु कुनै मदले प्रत्यभिवादनको वास्ता न राख्ने धनी व्यक्ति लाई भने धनका आशाले टाढै वाट नमस्कार गर्ने, *आयु-विद्या-यश-बल ई ४ पदार्थ लाई

---

**यो न वेत्त्यभिवादस्य विप्रः प्रत्यभिवादनम् ।**
**नाभिवाद्यः स विदुषा यथा शूद्रस्तथैव सः ॥**

[ मनु० २।१२५।१२६ ]

* "उठेर आफ्ना पूज्यवर्गको नित्य अभिवादन र सेवा गर्ने मानिसका आयु-विद्या-बल यश ई ४ पदार्थ बढदछन्" भनी स्वायम्भुव मनुले आफ्नु संहिता अध्याय २ श्लोक १२१ मा वताएको छ । योग्य अभिवाद्य ( ढोगिदनु पर्ने ) मानिसका मनःसूचनावाट अर्थात् ( सजे-

---

**(१) अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।**
**चत्वारि तस्य वर्धन्ते आयुर्विद्या यशो बलम् ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वढाइदिने आफ्ना हितैषी पूर्वोक्त ( यसै प्रकरणका २० श्लोकको टिप्पणिमा देखाइएका ) पूज्यवर्ग लाई भने श्रद्धापूर्वक नमस्कार गर्न नचाहने मूर्ख मेरो व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

( २२ )

अनादृतप्रत्यभिवादनान् जनान्
धनाशया दूरगतान् नमस्यतः ।
निजाँश्च पूज्यानपि हा ! जिहासतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

विद्यालाई* र तपलाई लिदैंनलिई फगत प्रत्येक धनीसँग

---

सन वाट ) अभिवादक ( ढोग्ने ) को आयुविद्याप्रभृति सद्गुण वढ्दछन् भनी आध्यात्मिक विद्याका ज्ञाताहरूले पनी भनेको छ । यो सनातन कल्याणकर आचारको अपहेलनाले सनातनधर्मावलम्वी भई टोपलेका हाम्रो आयु क्षीण हुदो छ. यो [२] कुरा मनुमहाराजले पनी सूचित गनु भएको छ. यो नमान्नु व्यतिक्रम हो ।

---

(२) ऊर्ध्वं प्राणाह्युत्क्रामन्ति यूनः स्थविर आयति ।
प्रत्युत्थानाभिवादाभ्यां पुनस्तान्प्रतिपद्यते ॥

---

* "विद्या र तपले रहित भएका मानिसले प्रतिग्रह लिनु छैन । लियो भने दातालाई र आफुलाई समेत रसातलमा [ अधोगतिमा ] पुर्‍याउँछ" ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिग्रहको प्रार्थना गर्ने, दातासमेत आफुलाई रसातलमा धसाउन खोज्ने अज्ञानान्ध मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस्ः—

( २३ )

अपोढविद्यस्य तपो न जानतो
निजं सदातारमधो निनीषतः ।
प्रतिप्रभु प्रार्थयतः प्रतिग्रहं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

वेदलाई जस्मै अपेत पारीदिने ( हटेर गएको अर्थात् फुट्टि न

---

यो योगियाज्ञवल्क्यको उपदेश र—

“तपस्या र अध्ययनले रहित भएको ब्राह्मण प्रतिग्रहरुचि ( दानलिन तंसिने ) भयो भने ढुङ्गाको डुङ्गा चढेर पारिजान खोज्ने मानिसझैं दाता समेत डुब्दछ, त्यसोहुनाले प्रतिग्रहदेखी अविद्वान् अतपस्वीले डराउनु पर्छ । अलीकति प्रतिग्रहले पनी भासमा गोरुझैं भासिन्छ” ।

यो मनुको* उपदेश नलिएर यथाभावीचल्नु मेरो व्यतिक्रम हो ।

---

*विद्यातपोभ्यां हीनेन न तु ग्राह्यः प्रतिग्रहः ।
गृह्णन् प्रदातारमधोनयत्यात्मानमेव च ।
अतपास्त्वनधीयानः प्रतिग्रहरुचिर्द्विजः ।
अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति ॥
तस्मादविद्वान् बिभियाद्यस्मात्तस्मात्प्रतिग्रहात् ।
स्वल्पकेनाप्यविद्वान्हि पङ्के गौरिव सीदति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पढेको पारी दिने र—जस्मै वेद्लाई घरमा पढ्न नहुने अपेत (अपेताध्याय) पारीदिने), *गायत्रीको जपमा पनी प्रमाद (गल्ती) गर्ने भएर पनी, अदना अदना कामका निमित्त चतुर्वेदोक्त शुभाशीर्वाद धडाधड वर्षाउन थाल्ने आशीर्वाद भनेको चीज क्या हो ? आशीर्वादमा कस्तो शक्ति रहनु पर्द छ ? त्यो शक्ति कतावाट पैदा हुन्छ ? इत्यादि प्रश्न कसैले गर्‍यो भने चूँ गर्न नशक्ने, विद्याहीन-तपोहीन भएर आफ्ना पूर्वज (पुर्खा) कश्यप-अत्रि-भरद्वाज-प्रभृतिमहर्षिहरूको जगत्पूजनीयकुललाई कलङ्कित गराउने, पुच्छरको गुच्छ (थुँगो) नभइदिनाले वदसूरत पशु हुन गएको (पुच्छको गुच्छ भएको खण्डमा राम्रो पशु हुन जाने) मेरो व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

( २४ )

अपेतवेदस्य जपे प्रमुह्यत:
शुभाशिषो वेदचतुष्टयोदिता: ।
अपुच्छगुच्छस्य पशो: प्रयच्छत:
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

* वैदिकहरू शुक्लयजु:संहिताको अपेत (अपेताध्याय ३४ चौतिसौं अध्याय) घरमा पढ्नु हुदैन भन्दछन् । मैले चारै वेदलाई अपेत पारीदिएँ यो व्यतिक्रमको महत्व अनिर्वचनीय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! दशाका विपर्ययले ( *ब्राह्मण्यावस्थिति नामक उत्तमदशा सकिएर अज्ञात नामक घोर दशाको प्रवेश हुन जानाले ) तम को पर्दा हटाएर बुद्धिको प्रकाश फैलाउनका निमित्त † कौमुदी हाशील गर्दा पनी बुद्धिमा तम थपिंदैजानाले र,–द्रव्य–गुण–कर्मको चर्चा गरेको सुन्दा यसबाट द्रव्यवान् गुणवान् स्वकर्मनिष्ठ समृद्धिशाली हुन पाईएलाकी भन्ने आशाले ‡ मुक्तावलीलाई कण्ठस्थ × गर्दापनी अरु लण्ठसरह मागेर जीविका गर्ने अधम वृत्ति हटाउन नशक्ने हुन जानाले व्याकुल चित्त भएका मेरो (क) व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( २५ )

सकौमुदीकस्य तमःकृतस्थिते-
र्गलस्थमुक्तावलिकस्य याचतः ।
अशान्तचित्तस्य दशाविपर्ययात्
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

* ब्राह्मणधर्ममा रहँदा भएको हालत । † व्याकरणग्रन्थविशेष र चन्द्रिका । ‡ न्यायग्रन्थविशेष र मोतिको हार । × मुखाग्र र गलामा झुण्डिएको ।

[ क ] प्राचीन महर्षिहरुको अध्ययनपरिपाटीलाई नलिनु मेरो व्यतिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रप्रसिद्ध भएका अनेकानेक * वृत्ति पढेर पनी आखीरमा श्ववृत्ति ( सेवा ) रोजेर स्ववृत्ति ( आफ्नू शास्त्रोक्त स्थिति ) छाड्दा आफ्नै चित्तवृत्तिले मौका पारेर दाताहरूका ढोका ढोका-मा कुकुर समान गरी नचाउदा आजीत भएका मेरो व्यतिक्रम क्षमा गरिवक्सियोस् :—

( २६ )

अधीत्य वृत्तीर्बत ! विश्रुताः सती-
र्धृतश्ववृत्तेर्निजचित्तवृत्तिभिः ।
प्रनर्तितस्य प्रतिदातृदेहलि
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

* "कृत्तद्धितसमासैकशेषसनाद्यन्तधातुरूपाः पञ्च वृत्तयः" भनि प्रतिपादन गरिएका व्याकरणका ५ वृत्ति—"भारती सात्वती चैव कैशिक्यारभटी तथा। चतस्रो वृत्तयश्चैता यासु नाट्यं प्रतिष्ठितम्" भनि प्रतिपादन गरिएका नाट्यशास्त्रका ४ वृत्ति—"वृत्तयः काव्यरचनावलङ्कारप्रबन्धृभिः । अभिधा लक्षणा व्यक्तिरिति तिस्रो निरूपिताः" भनि प्रतिपादन गरिएका काव्यका ३ वृत्ति--"ऋतमुञ्छशिलं ज्ञेयममृतं स्यादयाचितम् । मृतं तु याचितं भैक्षं प्रमृतं कर्षणं स्मृतम् । सत्यानृतं तु वाणिज्यं तेन चैवापि जीव्यते। सेवा श्ववृत्तिराख्याता तस्मात्तां परि-वर्जयेत्" भनि कहिएका धर्मशास्त्रका ६ वृत्ति—"प्रमाण-विपर्यय-विकल्प-निद्रा-स्मृतयः" भनि कहिएका योगशास्त्रका ५ वृत्ति—यति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! कुनै दिन आफु शिष्ट ( दान नलिने ) भएर फगत राहुको जपका निमित्त यजमानले दिएका दक्षिणा का नयाँ टकवाला चं चं चम्कने सेता रुपया आफ्ना बाहुलीमा लिएर जुवाफुकेको दिन लाई साँच्नें पनी भएँ। त्यसै दिन राहुको दान पाउँदा काला २ लोहपात्र-तिल-मास इत्यादि पदार्थ लिएर निस्कन लागेका * गरीव ब्राह्मणलाई देखी मैले

---

२३ वृत्ति मध्ये श्ववृत्ति रोजनु भन्दा ठूलो व्यतिक्रम के होला ? यस भन्दा ठूलो अपसोस पनी के होला ?

* पोष्यवर्गको पोषण नगर्दा प्रत्यवाय लाग्दछ. इनका निमित्त प्रतिग्रह गर्नु धर्म हो। मेरा पोष्यवर्ग यति छन् इत्यादि कुराको शास्त्रानुसार विचार गरेर प्रतिग्रह लिने त्यो ब्राह्मणले के अकर्तव्य गर्‍यो र त्यसको उपहास ( ठट्टा ) गर्नु. प्रतिग्रहका विषयमा धर्मशास्त्रहरू पल्टाएर हेर्दा—

देवातिथ्यर्चनकृते गुरुभृत्यादिवृत्तये।
सर्वतः प्रतिगृह्णीयादात्मवृत्त्यर्थमेव च ॥

[ याज्ञवल्क्य स्मृति ]

भरणं पोष्यवर्गस्य दृष्टादृष्टफलोदयम्।
प्रत्यवायोऽप्यभरणे कर्तव्यं तत्प्रयत्नतः ॥
माता पिता-गुरुः पत्नीत्वपत्यानि समाश्रिताः।
अभ्यागतोऽतिथिश्चाग्निः पोष्यवर्ग उदाहृतः ॥

[ स्कन्द पुराण ]

इत्यादि अनेकानेक वचन यत्रतत्र पाइँदारहेछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शेखी† का साथ—"राहवे नमः" इत्यादि रूपले ठट्टा पनी उडाएँ। यो ठूलो व्यतिक्रम क्षमा गरिबक्सियोस् :—

( २७ )

**सलोहपात्रानुपहस्य संमत-**
**प्रतिग्रहान्, राहुजपार्थदक्षिणाम्।**
**स्वबाहुगां द्यूतदिनाय रक्षतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

नाना प्रकारका आपत्तिले ग्रस्त पार्दा पनी सन्परि अनाचार गर्न न छाड्ने, "आजकाल मेरा कुन्-कुन् ग्रह कस्ताछन्" भनी ज्योतिषीजीसँग आफ्ना ग्रहको अवस्था बरावर सोधी रहने, प्रत्येक

---

† आफुले लिएको जपदक्षिणा राहुको दान होइन र ? त्यो दक्षिणा जुवाको दिनलाई साँच्ता—"चारैतिरबाट प्रतिग्रह गरेर उचित उपयोग नगर्ने चोरलाई सत्कार गर्नु पर्दैन" यस्तो अर्थ भएको—

**"संचयं कुरुते यश्च प्रतिगृह्य समन्ततः।**
**धर्मार्थं नोपयुङ्क्ते यो न तं तस्करमर्चयेत् ॥"**

यो मनुमहाराजको हुकुमबाट आफु चोरको दर्जामा पुगेको, प्रतिदिन जपद्वारा राहुको उपासना ( चाकरी ) गर्ने पेशा ( वृत्ति ) लिए र राहुस्वरूप भएको ब्राह्मणलाई आफुभन्दा तुच्छ संझने मेरो कत्रो व्यतिक्रम ? ओहो ! यो मूर्खतालाई कोटि-कोटि धिक्कार !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहको दान-जप-पाठ प्रभृतिको प्रतिग्रह पनी लिंदै रहने हुनाले अर्ध-नास्तिक* भएका अवस्थाको मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( २८ )

निपीडितस्यापि यथेच्छमृच्छत:
स्थितिं ग्रहाणां गणकाँश्च पृच्छत: ।
प्रतिग्रहं चार्जयत: प्रतिग्रहं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

कहिलेकाँहीं भाग्ययोगले प्रतिग्रहद्वारा केही धन हात पर्‍यो भने स्त्रीपुत्रादि परिवारवर्गलाई र देवता-पितृ हरुलाई समेत ठगेर पृथ्वीभरका शौकीनीका सामग्री खरीद गरेर तुरन्तै नङ्गा हुन खोज्ने मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्:—

---

* "संपन्न अवस्थामा प्रतिग्रह निषिद्ध छ त्यस्ले पीर्दछ" यो संपूर्ण धर्मशास्त्रले एकमत गरी स्वीकार गरेको कुरामा भने—"अँः दानले के लछार्छ ?" भन्दै नास्तिकताको आदर्शपुरुष भएर दान लिने, मनोबल कत्ति नहुनाले आपत्तिग्रस्तहुदा ग्रहगतिको प्रश्न गरेर "कुनै ग्रह शुभ-स्थानमा रहेको भए देखी त्यहीग्रहका अनुग्रहले सुख पाउने थियें" यस्तो अन्त:करणको फोटो जगत्प्रख्यात गरी आस्तिकताको शरण पनी पर्दै रहने, तै पनी आचारको सुधारणा गर्न नचाहने मलाई "अर्ध-नास्तिक" नभने के भन्नु ।

---

* "माता पिता गुरु आदिगरिएका ( यसै प्रकरणका २७ श्लोकका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( २९ )

प्रतिग्रहप्राप्तधनस्य कर्हिचित्
प्रतार्थं दारानपि देवता अपि ।
इलाविलासानखिलान् जिघृक्षतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

❀ कुनै दिनमा आफ्नी स्त्रीका कोशीसले अलि ठुलोदान

---

टिप्पणिमा देखाइएका ) पोष्यवर्गको पोषणर देवतापितृहरुको आजा-पूजाहोमहवन—श्राद्धादिकर्मका निमित्त प्रतिग्रह स्वीकार गरोस्,—त्यतावाट आफुमात्रै तृप्त ( मस्त ) भएर अरुलाई नठगोस्" यस्तो अर्थ भएको—

"गुरून् भृत्यांश्चोज्जिहीर्षन्नर्चिष्यन्देवतातिथीन् । सर्वतः प्रतिगृह्णीयान्न तु तृष्येत्स्वयं ततः" यो विष्णुस्मृतिको वचनलाईर—"पात्र भएर दान लिए पछी असत् काममा लाउनेलाई फेरी केही नदिनू" यस्तो अर्थ भएको—

"पात्रभूतो हि यो विप्रः प्रतिगृह्य प्रतिग्रहम् ।
असत्सु विनियुञ्जीत तस्यदेयं न किंचन" ॥

यो हेमाद्रिले उद्धृतगरेको मनुको वचनलाई न टेर्नु भारी व्यतिक्रम हो ।

❀ "मेरा स्वामी गाईप्राणिजस्ता सोझा हुनुहुन्छ, मौकामा बोल्न र कुनै बठ्याईंको काम गर्न जान्नुहुन्न । वाहाँ जस्तो पात्र हत्पति पाइँदैन" इत्यादिरूपले ठाऊँ ठाऊँमा गएर स्त्रीले कोशीस गर्दा र यथाकथंचित्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हात पर्दा मस्त भएर बेफिक्रीका साथ पाशा खेल्दै दिन बिताउने पनी भएको थिएँ। भगवन्! गोविन्द! त्यस्तो शोचनीय परिस्थितिमा मबाट भएको व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ३० )

सयत्नपत्नीप्रतिपत्तिलम्भित
प्रतिग्रहाव्यग्रमतेः क्वचिरसतः।
सहर्षमक्षैः सुचिराय दीव्यतः
क्षमस्व गोविन्द! मम व्यतिक्रमम्॥

× × ×

भगवन्! गोविन्द! लोभका नशाले बेखबर भएर विना निमन्त्रण श्रीमान्हरुका द्वारमा पुगे पछी तृणप्राय गरी हटाईंदा भसङ्ग भई त्यसै फर्केर आफ्नु अनौचित्यको विचारै नराखी

---

जीविका चलेपछीपनी त्यो प्रतिग्रहोपार्जित धन छउन् ज्याल उपयुक्त गुणार्जन पट्टी नलागेर पाशाखेल्दाखेल्दै आयु बरबाद पार्नु—फेरी यस्तै मौका पार्लानी भनी स्त्रीको आशा हर्हमेशा राखेर आफ्नु कविसंमत जीवन्मृतपनालाई जिन्दगीभर कायम राख्नखोज्नु भन्दा शोचनीय परिस्थिति के होला ?

"पशुरिव वक्तुं कर्तुं किंचिदयं मे पतिर्न जानाति।
उक्त्वेति गृहे स्वजनं पुरुषव्यापारमङ्गना कुरुते॥
प्रत्युत्थानं कुरुते व्यवहारगतागतैः स्वयं याति।
उच्चैर्वदति च गेहे गृहिणी जीवन्मृतस्यैव॥
[ महाकवि क्षेमेन्द्र-कला वि० ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समय ( काल ) को निन्दा गरेर वाटामा भेटिएका समुझदार मानिसहरुलाई मूर्खतार दुर्मुखताको परिचय दिंदै घर आएका वेलाको मेरो * व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

( ३१ )

तृणीकृतस्य स्पृहणीयसंपदां
गृहान् विनाऽऽमन्त्रणमेव जग्मुषः ।
अयन्त्रितास्यं समयं विनिन्दतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

* यथाकथंञ्चित् सुपात्रता हाशील गरेको छ भने पनी विना निमन्त्रण कतै पनी श्राद्धप्रभृति पुण्यकर्मका दिन नजानें, नियम धैर्यसाथ मैले लिनु वहुतै उचित थियो । "दाताले कुनै पुण्यकर्ममा दक्षिणादिदान दिंदा उसैलाई मात्र पुण्यहुने होइन, पात्र मानिएका ब्राह्मणले कायदासाथ प्रतिग्रह लिइदिंदा दाताले आयु-प्रजा-धन-विद्या-स्वर्ग-मोक्ष-सुख इत्यादि अभीष्ट फलदिने पुण्यकर्मको साद्‌गुण्य ( साङ्गता ) द्वारा अभीष्टफल पाउने हुनाले दाताले ब्राह्मणलाई दान दिंदा पाएको पुण्य जति छ, यथोचित प्रतिग्रह लिने ब्राह्मण ले पनी उत्ति पुण्य पाउँद छ. रथका २ पाङ्ग्राको झैं दाता र प्रतिग्रहीताको परस्परोपकारलेमात्र स्थिति हुन शक्त छ ।" यो *शास्त्रीय आज्ञा लाई न माने र ।

---

* यदेव ददतः पुण्यं तदेव प्रतिगृह्णतः ।
न ह्येकचक्रं वर्तेत इत्येवमृषयो विदुः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"विनानिमन्त्रण जाइदिनाले मेरा ऊपरको के कुरा, निमन्त्रण गरिएका ब्राह्मणका ऊपर पनी यजमानको †अश्रद्धा र अनादर हुन जाँदा उस्लाई शास्त्रोक्त फल नहुँदा अन्ततोगत्त्वा नास्तिकभाव उठी धर्म-जाति-शास्त्रमा विश्वास हटेर सर्वनाश हुने द्वार खुल्न जान्छ। ऐलै उस्ले वैभवानुसार श्रद्धासाथ तयार गरेका श्राद्धादि कर्मका ती सामग्री र श्रद्धासाथ गरिएको अघिल्ला दिन देखीको काय-क्लेश वृथा हुन जान्छ। चित्तमा अश्रद्धा र क्रोधको उदय भए पछी कुनै पुण्यकर्म ठीक हुन शक्तैन। जुन्सुकै धर्मका पनी श्रद्धानै‡ आधारभूमि (जग) हो।" यो उचित विचार पनी नगरे र "स्वयं नष्टः परान् नाशयति" यो शिष्ट हरूको उक्ति-लाई अक्षरशः सत्य गराउँदै आफु लाई अश्रद्धापात्र-दैन्यपात्र क्लेशपात्र र यजमान लाई उचित स्थितिमा रहेकी श्रद्धावाट

---

यत्र वै ब्राह्मणाः सन्ति श्रुतवृत्तोपसंहिताः।
तत्र दानफलं पुण्यमिह चामुत्र चाश्नुते॥
[ भारत अनुशासन पर्व १२१ अ० ]

† अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ! न च तत्प्रेत्य नो इह॥
[ भगवद्गीता अ० १७ श्लो० २८ ]

‡ कायक्लेशैर्न बहुभिस्तथैवार्थस्य राशिभिः।
धर्मः संप्राप्यते सूक्ष्मः श्रद्धाहीनैः सुरैरपि॥
श्रद्धा धर्मः परः सूक्ष्मः श्रद्धा ज्ञानं हुतं तपः।
श्रद्धा स्वर्गश्च मोक्षश्च श्रद्धा सर्वमिदं जगत्॥
[ अग्नि पुराण ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विचलित गराईसके पछी पनी "मैले जानिन कदाचित्-आई हाल्यो, लौत, भने र गन्धाक्षत गरी दक्षिणा दिएको भोजन गराएको भए दुवैलाई प्रत्यवाय लाग्ने थियो, खैर! दैवहत म मात्र दोषी हुन गएँ यति वेसै भयो। अव उप्रान्त यदृच्छालाभ-संतुष्ट भएर विश्वम्भरको भरोसामा रही आफ्नू वर्णाश्रमधर्ममा* स्थिर रहन्छु. श्रेयोर्थी कसैले वोलायो भने सादर जानु मेरो धर्म हो। घमण्डी भएछ भनी समाजले भन्न लाग्यो भने यथा-शक्ति बुझाउने कोशिस गरुला, तै पनी आपत्ति पर्न आयो भने अनाथ-नाथ* ईश्वरले उपेक्षा गर्ने छैन. कर्तव्यवाटता अव च्युत हुने छैन" यस्तो सद्विचार पट्टी नलागेर—"धिक्कार! कस्तो खराव† वखत आयो। श्राद्धका दिन आएका ब्राह्मणको यो अपहेलना?।" यस्ता उद्गार रोक्न नशकी कालको निन्दापट्टी लाग्ने मेरो व्यतिक्रम अनिर्वचनीय छ।

* "जस्का संमतिले रामचन्द्र जङ्गल पाल्नु भयो उ मानिस ऐल्यै शिष्टहरूले पाउनु पर्ने पुण्यलोक, शिष्टहरूले फैलाइएकी कीर्ति, शिष्ट-हरूले गरेको सदाचार वाट च्युत (भ्रष्ट) होइ जावोस्" भनी भरत-जीले कौसल्या संग शपथ गरेका छन्। शिष्टाचार यता वाट यस्तो रहे छ भनी बुझिन्छ।

"सतां लोकात् सतां कीर्त्याः सज्जुष्टात्कर्मणस्तथा।
भ्रश्यतु क्षिप्रमद्यैव यस्यार्योऽनुमते गतः॥"

[वा० रामायण २ का०]

† सत्य-त्रेता-द्वापर कुनै युगमा अनिमन्त्रित ब्राह्मणको श्राद्धादि कर्ममा पूज्यता प्रतिपादन गर्ने वचन र उपपत्ति नभए पछी कालको निन्दा किन?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! कुनै दिन मैले गरीव श्रद्धालु यजमानवाट अघी आएको निमन्त्रणमा नगएर अल्ली धनी कहाँवाट आएको पछिल्लो निमन्त्रणमा जाँदा, ब्राह्मणमण्डलीमा सामेल भएपछी, आएका अघिल्ला निमन्त्रणलाई प्रत्याख्यान गरी म यहाँ आएको हूँ, भनी आफ्नु गौरव राख्नाका निमित्त गोठको गोरुझ्यैं गर्जने गरें। यो * व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

( ३२ )

## निमन्त्रणातिक्रमणेन गौरवं निजं प्रतिष्ठापयतः पशोरिव ।

---

* "निमन्त्रण लिएपछी त्यस्को प्रत्याख्यान गर्‍यो भने ब्राह्मण-देवताले ब्रह्महत्यासमान पाप भोग्नु पर्द छ. मरे पछी शूद्र भएर जन्मन्छ। यो काम भूलचूकले भएको हो भने नियमपूर्वक यति-चान्द्रायण ( मध्याह्नमा प्रतिदिन ८।८ ग्रासमात्र खाएर १ महिना गुजार्नु पर्ने व्रत ) गरे देखी त्यो पापवाट छुट्त छ" भनी यमस्मृतिमा लेखेको छ। यो सव शास्त्रमा मिच्याइँ गर्नु मेरो व्यतिक्रम र गोरूको स्वभाव हो।

"केतनं कारयित्वा तु योऽतिपातयति द्विजः।
ब्रह्महत्यामवाप्नोति शूद्रयोनौ च जायते॥
एतस्मिन्नेनसि प्राप्ते ब्राह्मणो नियतव्रतः।
यतिचान्द्रायणं चीर्त्वा ततः पापात्प्रमुच्यते॥

---

(१) अष्टावष्टौ समश्नीयात्पिण्डान्मध्यन्दिने स्थिते।
नियतात्मा हविष्याशी यतिचान्द्रायणं चरन्॥
[ मनु० अ० २१८ श्लोक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मदादधिब्राह्मणगोष्ठि गर्जतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

आफू अनेकानेक दोषको अक्षय भण्डार स्वरूप भएको होश नराखेर अर्काको चर्चा गर्दागर्दै अतिशयदुर्लभ भएको आफ्नु आयुलाई परहित विघातले वृथा गराउने ( कर्तव्य बाट च्युत भएर कल्याण हाशील गर्न नशक्ने ) मेरो ❀ व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ३३ )

वृथात्वमापादयतः सुदुर्लभं
स्वकीयमायुः परकीयचर्चया ।

---

❀ "आफ्नू स्वार्थ छाडेर पनी अरुको कल्याण गर्ने मानिसलाई "सत्पुरुष" भन्दछन् । आफ्नू स्वार्थ नबिगारी अरुको कल्याण गर्ने लाई "सामान्यपुरुष" भन्दछन् । आफ्नू स्वार्थसिद्धिका निमित्त अरुको हित-विघात गर्नेलाई "मानुषराक्षस" भन्दछन् । यति कुरा इदमित्थ थाहा छ । आफ्नू स्वार्थसिद्धि पनी नगर्ने, वृथा अरुको हितविघात गर्ने लाई के भन्छन् त्यो कुरा हामीले जानेका छैनौं" यस्तो उद्गार निकाल्ने महाराजा (१) भर्तृहरिका वचनानुसार मानुषराक्षसभन्दा अधमश्रेणिमा पुग्न खोज्नु ऋषिकुलोत्पन्न भट्टोपलेका मेरो ठूलो व्यतिक्रम हो ।

---

(१) ते वै सत्पुरुषाः परार्थघटकाः स्वार्थं परित्यज्य ये
सामान्यास्तु परोपकारनिरताः स्वार्थाविरोधेन ये ।
तेऽमी मानुषराक्षसाः परहितं स्वार्थाय निघ्नन्ति ये
ये तु घ्नन्ति निरर्थकं परहितं ते के न जानीमहे ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न दोषकोषं निजमेव जानतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

आफु निकृष्ट ( खराब ) भई गुणद्वेष गर्न नछाड्ने भएको र, आफ्नु समाज असल हवोस भन्ने इच्छा पनी गरेर यशोर्थी (कीर्ति चाहने ) पनी भएको हुनाले अजब ( अद्भुत ) पशुस्वरूप हुन गएको मेरो व्यतिक्रम क्षमागरिबक्सियोस्—

( ३४ )

स्वयं निकृष्टस्य समाजसौष्ठवं
समीहमानस्य सतो गुणाद्विषः ।
अभूतपूर्वस्य ❀पशोर्यशोर्थिनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

❀ "तपस्तप्त्वाऽसृजद्ब्रह्मा ब्राह्मणान् वेदगुप्तये ।
तृप्त्यर्थं पितृदेवानां धर्मसंरक्षणाय च ॥ (क)
[ याज्ञ० आचा० १९८ ]
तं हि स्वयम्भूः स्वादास्यात्तपस्तप्त्वाऽऽदितोऽसृजत् ।
हव्यकव्याभिवाह्याय सर्वस्यास्य च गुप्तये ॥ (ख)
[ मनु० १।९४ ]

---

(क) भगवान् हिरण्यगर्भ [ ब्रह्मा ] जीले ध्यानरूप तपस्या गरेर वेदरक्षा–पितृतृप्ति-देवतृप्ति-धर्मरक्षा यति ४ काम गर्ना का निमित्त ब्राह्मण वर्णको सृष्टि गर्नु भयो, [ याज्ञवल्क्य० आ०१९८ ]।

(ख) स्वयंभूब्रह्माजीले ध्यानमय तपस्या गरेर हव्य-कव्य को यथा-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानप्राप्तिका निमित्त र जगद्रक्षाका निमित्त प्रथम मुखबाट ब्राह्मणको सृष्टिगर्नु भयो, [ मनुस्मृति० अ० १ । श्लो० ६४ ] ।

(१) यस्यास्येन सदाऽश्नन्ति हव्यानि त्रिदिवौकसः ।
कव्यानि चैव पितरः किं भूतमधिकं ततः ॥
ब्राह्मणो जायमानो हि पृथिव्यामधिजायते ।
ईश्वरः सर्वभूतानां ब्रह्मकोशस्य गुप्तये ॥

मनु० १।६५ ।

(२) चतुर्भिरपि चैवैतैर्नित्यमाश्रमिभिर्द्विजैः ।
दशलक्षणको धर्मः सेवितव्यः प्रयत्नतः ॥
दशलक्षणानि धर्मस्य ये विप्राः समधीयते ।
अधीत्य चानुवर्तन्ते ते यान्ति परमां गतिम् ॥"

म० ६।६१ ।

---

(१) जस्का मुखद्वारा देवता र पितृहरु हव्य र कव्य खान्छन्, त्यस् भन्दा श्रेष्ठ प्राणी कुन् छ ? ॥ ब्राह्मण पैदा हुदा खेरी वेदरूप ढुकुटी को रक्षा गर्न जगदीश्वरने पृथिवीमा पैदाहुन्छ ॥ [ मनु० १।६५-६६ ]

(२) चारै आश्रमका ब्राह्मणले दश लक्षण भएको धर्म यत्नका साथ सेवागरिनु पर्दछ ॥ जुन् ब्राह्मण धर्मका दश (१०) लक्षण पढ्द-छन्,-पढेर तदनुसार चल्दछन्--ती परमगति ( मुक्ति ) पाउछन् [ म० ६।६१ ] ।

इत्यादिवचनवाट "ब्राह्मणसमाजको सृष्टि वेदरक्षा-पितृतृप्ति-देवतृप्ति-धर्मरक्षा यहि ४ कामका निमित्त भएको हो "यो कुरार ब्राह्मणले धर्मरक्षाका निमित्त र आफ्नु परम कल्याणका निमित्त १० लक्षण भएको धर्म जान्नु र तदनुसार चल्नु" यो कुरा स्पष्ट बुझिन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपोविशेषैर्विविधैर्व्रतैश्च विधिचोदितैः ।
वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना ॥
वेदमेव सदाभ्यस्येत्तपस्तप्स्यन् द्विजोत्तमः ।
वेदाभ्यासो हि विप्रस्य तपः परमिहोच्यते ॥
आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः ।
यः स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायं शक्तितोऽन्वहम् ॥
योऽनधीत्य द्विजोवेदमन्यत्र कुरुते श्रमम् ।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ॥
(ङ) मनु० २।१६५-१६८ ।

(ङ) नियम र विधिका साथ मन्त्र-ब्राह्मण-उपनिषत् ई ३ भागको समष्टिरूप वेद द्विजातिले पढ्नुपर्दछ। तपस्या गर्न खोज्ने ब्राह्मणले सदासर्वदा वेदाभ्यास गर्नु, वेदाभ्यास ठूलो तपस्या हो। यथोक्त नियमको परिपालन गर्न नशके पनी यथाशक्ति प्रतिदिन वेदाभ्यास गर्नु ठूलो तपस्या हो। वेद न पढेर अरु वेदाङ्गबाहेकको विद्यामा परिश्रम गर्दछ भने त्यसै जन्ममा सन्तान दरसन्तान शूद्रभावकन प्राप्त हुन जान्छ। [ मनुस्मृति अ० २। श्लो० १६५-१६८ ]।

इत्यादि वचनबाट "अत्यावश्यक भएका वेदाध्ययनको परिपाटी यथा-कथंचित् चलेको छ ता पनी ब्राह्मणसमाजमा त्यत्ती त्यस्तो वेदाध्ययनले उत्कर्ष आउन नशक्नाले यथोचित गरेर त्यो समाजले दुनियाको पितृतृप्ति-देवतृप्ति गर्न नशक्ता सनातनधर्मावलम्बी भएको यो पवित्र द्रेशले सनातनधर्मावलम्बनको उचित कल्याण हाशील गर्न प्रायः शकेको छैन यस्मा दोष ब्राह्मणसमाजको हो" । यस्तो सद्विचार गरेर आफ्नू उत्कर्षका निमित्त र आफ्नू परमकर्तव्य लोक कल्याणका निमित्त यथारीति वेदाध्ययन गर्न प्रयत्न नगर्नु, ब्राह्मणसमाजको भूल हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मका तत्तत् शास्त्रमा विस्तारपूर्वक देखाइएका धेरै लक्षण छन्तापनी ती सबैको मनुमहाराजले उपदेशगरेका १० धर्ममा अन्तर्भाव हुने हुनाले तिनै दशधर्मको अध्ययन र तिन्को आचरण-तिन्को प्रचार गरी ब्राह्मण समाजले धर्मरक्षा र त्यस्को फल स्वरूप लोकरक्षा गर्नु कर्तव्य संझनु पर्ने हो। मनुमहाराजले उपदेश गरिएका—

**धृतिः[1] क्षमा[2] दमो[3]ऽस्तेयं[4] शौच[5]मिन्द्रियनिग्रहः[6] ।**
**धी[7]र्विद्या[8] सत्य[9]मक्रोधो[10] दशकं धर्मलक्षणम् ॥**

इनै १० धर्मको (१) यथार्थ मर्म बुझेर अध्ययन न गर्नु ब्राह्मण समाजको दोस्रो भूल हो।

यस्ता प्रकारले सर्वकल्याणकर्ता हुनु पर्ने ब्रह्मणसमाज आज अकिंचित्कर्ता हुन गएको देखिंदा यस्को सौष्ठव ( असलपना ) लाई म खूब इच्छा (२) गर्छू। समाजसुधारणाकी कीर्ति पनी लिन (३) चाहन्छू। तर-आफुमा गुण ( समाज सुधारणाको लायकी ) फुट्टि छैन। गुण नभएर मात्र उस्तो खराबी थिएन। दोष नभइदिएको भए त्यसै लाई यथाकथंचित् गुण संझेर समाजका योग्य व्यक्तिले मलाई उचित सहयोग दिने थिए। **"अपदोषतैव बिगुणस्य गुणः"** यो उक्तिको अनुसार म आफुलाई धन्य संझने थिऐं। परन्तु भगवन्! गोविन्द!

---

(१) खाली यो यौटा श्लोकको मोटामोटी अर्थ जान्नाले धर्मज्ञ कहलाउदैन यस्को यथार्थ अध्ययन लाई परिश्रम निकै गनु पर्दछ।

(२) आफ्नू समाज सप्रे पछी त्यसै समाजको म पनी सप्रुला भन्ने उम्मेदले समाजको सौष्ठव ( सपार ) को चाहँदैन ?

(३) समाजमध्यका २।४ जना भोलानाथका संमेलनमा आकाश पातालका गफका साथ समाजसुधारणाको उल्लेख गरेर कीर्तिमान् हुन को चाहदैन ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! मनुप्रभृतिमहात्माहरूले, हजूरको १–२मुहार हुन् ३जगद्गुरु हुन् ४जंगम ( हिंडने ) तीर्थ हुन्

---

आफ्ना समाजैका गुणको ऊपरमाद्वेष *वृत्ति ( अप्रीति ) छाड्न न शक्ने मैले उक्त इच्छा गर्नु आफ्नू अद्भुत पशुभाव प्रकाश गर्नु हो, यो ठूलो व्यतिक्रम हो, यो सब क्षमा गरिबक्सियोस् ।

× × ×

(१) जस्का मुखद्वारा देवता पितृहरूहव्यकव्यखान्छन् त्यो ब्राह्मण भन्दा श्रेष्ठ को ? छ ।

(२) "हे ब्राह्मणदेवता हो ! जुन् तपाईंहरूमा होम गरियेको ( भोजन गराइएको ) वस्तु म अग्निहोत्रमा होम गरियेको भन्दा मीठो मानेर खान्छू, त्यस्ता तपाईहरूको तुलनानै हुन शक्तै न भने तपाई हरूभन्दा श्रेष्ठ अर्को होला भन्ने कुरै छैन" भगवान् ऋषभदेव ।

(४) तीने वर्णको ब्राह्मण गुरु ( पूज्य ) हो ।

(५) जस्का वचनरूपी जलले मलिन मानिस शुद्ध हुन्छन्, ती ब्राह्मण सबै मन्सुवा पूर्ण गर्ने जङ्गम ( हिंडने ) तीर्थ हुन् ।

---

* गुणदेख्ता खूब प्रसन्न हुनु पर्नेमा हुन शक्तिन ।

(१) यस्यास्येन सदाश्नन्ति हव्यानि त्रिदिवौकसः ।
कव्यानि चैव पितरः किं भूतमधिकं ततः ॥ मनु०

(२) न ब्राह्मणैस्तुलये भूतमन्यत् पश्यामि विप्राः किमतः परं तु ।
यस्मिन्नृभिः प्रहुतं श्रद्धयाहमश्नामि कामं न तथाग्निहोत्रे॥
[ श्रीमद्भागवत ५।५ ]

(३) वर्णानां ब्राह्मणो गुरुः ।

(४) ब्राह्मणा जङ्गमं तीर्थं निर्मलं सार्वकामिकम् ।
येषां वाक्योदकेनैव शुद्ध्यन्ति मलिनाजनाः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनी स्वीकार गरिएका, प्राणसंकष्टमा पनी आफ्नु कर्तव्य न छाड्ने यस्ता आफ्ना पुर्खालाई नसंझने मेरो १व्यतिक्रम क्षमागरिबक्सियोस् :—

( ३५ )

त्वदाननत्वेन मतान् मनीषिभि-
र्जगद्गुरून् जङ्गमतीर्थतां गतान् ।
स्थिरव्रतानस्मरतः स्वपूर्वजान्
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

❀ काठको पुरानु पिरुकामा वसेर विना तिलक विना भस्म

---

(१) हरे ! त्यस्ताका सन्तानले यस्तो हुनु व्यतिक्रम होइन त ?

❀ (१) कुशको आसनमा वसेर कुश ( पवित्र ) हातमा लिएर पूर्वाभिमुख भई विधि पूर्वक १०००।१०८। जप गरी ब्रह्मयज्ञ प्रभृति अरु कर्म सिध्याई यथारीति भोजन गर्दा यथासंभव मौन लिएर प्रमाणको टाइम लगाई गर्नु पर्नेमा यथा भावीगर्नु व्यतिक्रम हो ।

---

(१) प्वाल परेकोर काठको आसनमा जप गरे दौर्भाग्य हुन्छ भनी व्यासले भनेको छः ।

धरण्यां दुःखसंभूतिर्दौर्भाग्यं छिद्रिदारुजे ।

स्नान सन्ध्याप्रभृति कर्ममा तिलकधारणर कुशग्रहण नगरे निष्फल हुन्छ ।

स्नानं सन्ध्यां पञ्चयज्ञान् पैत्र्यं होमादिकर्म च ।
विना तिलकदर्भाभ्यां कुर्यात्तन्निष्फलं भवेत् ॥

पद्मोत्तर खण्ड ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विना कुश प्रतिदिन आफ्नु नित्य जप झट्पट सिध्याई, गफ गर्दै घण्टौं लगाएर भोजन गर्ने मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ३६ )

समाप्य सद्यः खलु दारवेऽनवे
निषद्य पीठेऽनुदिनं निजं जपम् ।
सतश्चिरं संलपतः समश्नतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! देवऋण-पितृऋण-ऋषिऋण-ई ३ ऋणको अपाकरण ( अदागर्नु + तिर्नु ) नगर्ने भएर जप पाठ द्वारा कमाएको थोड़ा ❀ वहूत धनलाई कुनै कालमा मैले लगानी

---

❀"जायमानो ह वै ब्राह्मणस्त्रिभिर्ऋणैर्ऋणवान् जायते, यज्ञेन देवेभ्यः, प्रजया पितृभ्यः, स्वाध्यायेन ऋषिभ्यः" यो वेदवचनको अनुसार आफुलाई लागेको पुरानु ऋणलाई हटाउन, यज्ञयाग, आजा पूजा, योग्य सन्तान, साङ्गवेदाध्ययन गरेर, यो धन तह लाउनु पर्नेमा पुरानु आफ्नु-ऋण नतिरी अरुलाई ऋण बोकाई धनी हुन खोज्दा मूल धन समेत नष्ट भयो, पुरानु ऋण तेसै रह्यो। नया ऋण प्रतिदिन बढदै गयो। देवता-पितृ-ऋषि हरुलाई बिल्कुल ठगेर धनी हुन खोज्नु भन्दा इन्को ऋण अदा गरेर इनैका अनुग्रहले धनी हुन खोज्नु वहूतै असल थियो के गर्नु ढङ्ग पुगेन।

"अमीरी पापको भन्दा फकीरी धर्मको असल् ।
सूजको पुष्टता भन्दा स्वास्थ्यको कृशता असल् ॥"

यस्तो अमूल्य सुभाषितको अनुसार न चल्नु मेरो ठूलो व्यतिक्रम हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वारा बढाउने कोशीस पनी गर्नें भएँ। झन् जीविका गर्न मुश्किल पर्‍यो, मूलधन जम्मै डूब्यो, हाय! त्यस् वेलाको व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ३७ )

जपादिना वार्धुषिकत्वमृच्छतो-
ऽनपाकृतर्णत्रितयस्य कर्हिचित्।
विनष्टमूलस्य सकष्टसंस्थितेः
क्षमस्व गोविन्द! मम व्यतिक्रमम्॥

× × ×

गर्नलाई उस्तो परिश्रम र उस्तो कालविलम्ब नहुने, ठूलो फलसिद्धि गर्ने, पञ्चसूनाको पाप हटाईं वृथापाकको दोष मेटाईं दिने, पञ्चमहायज्ञ ( ब्रह्मयज्ञ-देवयज्ञ वैश्वदेव ) मनुष्ययज्ञ-पितृयज्ञ ( नित्यश्राद्ध-तर्पण )—भूतयज्ञ ( बलिहरण ) इन्को समुदाय) लाई पनी प्रायः चाकरीको टायमलाई गडवड पारीदिने हुनाले छाडन खोजें। भगवन्! गोविन्द! हजूर्को नियमानुसार चोर भएर मैले सांसारिक सुखभोग गर्नें इच्छा गरें। यो *व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

* अघी यज्ञ र प्रजाको सृष्टि गरे र ब्रह्मा जीले भन्नु भयो की— "तिमिहरु यस यज्ञका द्वारा वृद्धि पाऊ। यो यज्ञ तिमि हरूको इष्ट मनोरथ पूर्ण गर्ने हवोस्। यस यज्ञद्वारा तिमिहरू देवताको पोषण गर, देवताहरू तिम्रो पोषण गरून्, यस्तो परस्परोपकारले तिमिहरू दुवै-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ३७ )

**जिहासतः पञ्च मखानदुष्करान्**
**पराङ्घ्रिसेवासमयानुसारिणः ।**
**सतः कृतस्तेयतया सुखार्थिनः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ।**

× × ×

सदा सर्वदा चाकरीमा लंपट भएको हुनाले झटपट साथ प्रातःकालको नित्यकृत्यलाई लट्पुट् गरेर सिध्याउने यतार उती घुम्दाघुम्दै थकाईले शिथिल भएर घरमा आई गृहस्थीका प्रपञ्च

---

थरीको कल्याण हुने छ । यज्ञद्वारा पोषित र प्रसन्न गराइएका देवता हरू तिमिहरूको मनोरथ पूर्ण गर्ने छन् । देवताले दिएका भोग्यवस्तु उन्लाई न चढाई ( यज्ञ नगरी ) भोग गर्ने चोरै हो" गीता.

"सह यज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेषवोऽस्त्विष्टकामधुक् ॥
देवान् भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥
इष्टान् भोगान् हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥"

इत्यादि वचनानुसार नचले र चोर हुन खोज्नु मेरो व्यतिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पट्टी लाग्ने मेरो *व्यतिक्रम क्षमा गरिबक्सियोस्—

( ३८ )

सदा पराराधनसक्तताबशा-
अतित्वराजातविभातकर्मणः ।
श्रमश्लथस्य भ्रमतः समन्ततः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! कुनै दिन वड़ो कोशीसका साथ ब्राह्मण भोजनको निमन्त्रण हात पारेर कोखा चर्कने गरी परान्न खूब खाएँ ( के गरु "दुर्लभानि परान्नानि प्राणा जन्मनि जन्मनि" यो कुरा मलाई यथार्थ लागेको थियो ) हाय ! हाय यस्तो परान्न भोजनको नतीजा उसै दिन पाएँ, वेलुकाको सन्ध्या पाठ पूजा

---

* भगवन् ! गोविन्द ! चाकरीमा लंपटै भएपनी एक पाइलो चाँडो उठेर आफ्नु नित्यकृत्यरूपी हजूरको चाकरी श्रद्धा भक्तिका साथ सिध्याएर अरुको चाकरीमा दौड्नु पर्ने, अथवा जतिसुकै थकाई लागेको भएपनी १।२ घड़ी निश्चिन्त भएर घर फर्के पछी पनी हजूरको चाकरी गनु पर्नेमा, सो नगर्नु मेरो व्यतिक्रम हो ।

"यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः" ॥ गीता०

हजूरको यो उपदेशानुसार जगत्प्रवर्तक जगद्व्यापी हजूर्लाई हजूर्ले नियमित गराएका वर्णाश्रमाचारले रिझाई कल्याण हाशील गर्न पट्टी न लागेर वृथा आयु विताउन पट्टी लाग्नु पनी व्यतिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वरबाद् भयो, दीनभर उकुस् पुकुस् भएर फालचल्न शकिन। यस हालतको व्यतिक्रम * क्षमा गरिवक्सियोस्:—

( ३९ )

**प्रयत्नसंपन्नपरान्नभक्षण-**
**प्रणद्धकुक्षेर्हतसान्ध्यकर्मणः ।**
**चिरस्य सालस्यतया सतः क्वचित्**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् गोविन्द ! एकादशी प्रभृति व्रतगर्नु पर्ने पुण्य दिनका दिन मध्याह्न नहुदै मानसिक भोकले मर्ने खोज्ने, निमन्त्रण पाएका दिन भने दिन्भरी डल्लिएर साँझमा ( भूत मन्सने वेलामा ) पनी

---

* "अतिभोजनले आरोग्य नष्ट गर्छ, आयु घटाउँछ, स्वर्गप्राप्ति गराउने कर्म हलृ गरेर स्वर्गप्राप्ति हुन दिदैन, सन्ध्या-पाठ-पूजा प्रभृति पुण्यकर्मको लोप गराउछ, दुनियामा "यो कस्तो राक्षस रहेछ" इत्यादि रूपले निन्दनीय गराउ छ। "तसर्थं अति भोजन नगर्नु" यो मनुमहाराजका हुकुंको वर्खिलाफ गर्ने उल्लू लाई भलो कैले हुन्थ्यो ?

**अनारोग्यमनायुष्यमस्वर्ग्यं चातिभोजनम् ।**
**अपुण्यं लोकविद्विष्टं तस्मात्तत्परिवर्जयेत् ॥**

[ मनु० २ अ० ५७ श्लोक ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खानालाई राजी हुने, मेरो ❀ व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

* कुनैदिन्मा ब्राह्मण समाज सबैको मान्य थियो, मनुष्य मात्रले होइनकी भगवान् वैकुण्ठनाथ पर्यन्तका देववर्गले ब्राह्मणको संमान गरेको वृत्तान्त हाम्रा इतिहासमा यत्र तत्र पाइन्छ। त्यो संमान केवल अन्धश्रद्धाले "ब्राह्मणको जात मान्य छ" यत्ति विचारत्ने चलेको होइन। ब्राह्मणले ठुला ठुला करामात गर्न शक्तथे त्यसै कसैले कसैलाई ईश्वरवत् मान्दैन। जनमेजयले गरेका सर्पसत्रमा तक्षकनाग इन्द्रको पीछा परेर अरू सर्पसरी अग्निमा होमिन नआउदा इन्द्रसमेत तक्षक नागलाई मन्त्रका प्रभावले ढुन्सुन्याउँदै स्वर्गवाट खसाल्ने करामात इनैमा थियो। जिउदै स्वर्ग पुर्याउने यज्ञ गरेर महाराजा त्रिशुङ्कु स्वर्ग पुगेमा इन्द्रले ठेक्खुवाई दिंदा "विश्वामित्रकी दुहाई" गर्दै गिर्नलागेको वेलामा तपोवलले त्रिशङ्कुलाई अन्तरिक्षैमा अड्याएर "अन्यमिन्द्रं करिष्यासि लोको वा स्यादनिन्द्रक:" यस्तो गर्जना गरेर नूतन सृष्टि गर्न थाल्ने र ब्रह्मादि देवताका प्रार्थनाले थालेको सृष्टिकर्म चटक्क छाडे र त्रिशङ्कुका निमित्त अर्कै स्वर्ग वनाउने सकस पनि तपोब्राह्मणै (विश्वामित्र) हुन्। ६६ अश्वमेध सिध्याएर अर्को अश्वमेध गर्न लाई यज्ञाश्व छाडेका वेलामा विघ्न गर्दा क्रुद्ध भएका आदिराज महाराजा पृथुले इन्द्रलाई मार्नाका निमित्त धनुर्वाण ठीक गरी खडा भएको वेलामा "महाराज! यज्ञको दीक्षाग्रहण गरीसके पछी यज्ञियपशुवाहेक अरूको वध गर्न हुँदैन. महाराज! हजूर्को दुश्मन इन्द्रलाई हामीहरू प्रभावपूर्ण भएका मन्त्रले दन्दन् वलेको यही यज्ञको अग्निमा होमिन्दिन्छौं" भनेर इन्द्रलाई होम्न हात्मा सुरो लिएर तयार भएको वेलामा खास ब्रह्माजीले आई प्रणति गरिएका ब्राह्मण हरू हाम्रो पूर्वज हुन्।

उन्मा त्यस्तो मान्यताको कारण तप थियो। तप भनेको पदार्थ अद्भुत छ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"पार गर्न नशकिने घोर विपत्तिहरू तपले पार गरिन्छन्। दुर्लभ पदार्थ तपले सुलभ हुन आउछन्। दुर्गम विषय पनी तपले सुगम हुन आँउँछ। दुष्कर कार्य पनी तपले सुकर हुन जान्छन्। तप लाई कसैले हेम्र शक्तैन–" (क)

"मानिस तपले युक्त भई तपोधन हुन शकेको छ भने त्यस्का कायिक-वाचिक-मानसिक सबै पापलाई तपोग्निले डढाउँछ" (ख)

"व्रत उपवास नियम गरेर शारीरककष्ट गर्नुलाई तप भन्दछन्. प्राणिमात्रको उपाय आधार तप हो। यसै तप द्वारा सज्जनले अभीष्ट-स्वर्गादि लोक, आनन्द, मुक्ति पर्यन्त पाउँदछन्. यसै तपद्वारा परमायु शान्ति, ऐहिक सुख पाइन्छ।" (ग)

त्यो तप अधिकारभेदले नाना प्रकारको छतापनी प्रत्येक गृहस्थले

---

(क) यद्दुस्तरं यद्दुरापं यद्दुर्गं यच्च दुष्करम्।
सर्वं तु तपसा साध्यं तपो हि दुरतिक्रमम्॥

(ख यत्किंचिदेनः कुर्वन्ति मनोवाङ्मूर्तिभिर्जनाः।
तत्सर्वं निर्दहन्त्याशु तपसैव तपोधनाः॥
मनु. ११ अ. २३७। २४१

(ग) व्रतोपवासनियमैः शरीरोत्तापनं तपः।
तपोगतिर्हि भूतानां तप एव परायणम्॥
तपसा निर्जिता लोकास्तपसा निर्वृतिः सताम्।
तपसा धूतपाप्मानो निर्वाणं परमं गताः॥
तपसा परमायुश्च शान्तिवापि तथाऽऽप्नुयात्।
तपसा चैहिकीं सिद्धिं विपुलामपि विन्दति॥
गरुड़ पु०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवश्य गर्नु पर्ने एकादशीप्रभृति तिथिको व्रतरूप तपको मात्र प्रसङ्गले चर्चा गर्दा—

निजवर्णाश्रमाचारनिरतः शुद्धमानसः ।
व्रतेष्वधिकृतो राजन्नन्यथा विफलः श्रमः ॥
अलुब्धः सत्यवादी च सर्वभूतहिते रतः ।
व्रतेष्वधिकृतो राजन्नन्यथा विफलः श्रमः ॥
श्रद्धावान्न्यायभीरुश्च मदृदम्भविवर्जितः ।
व्रतेष्वधिकृतो राजन्नन्यथा विफलः श्रमः ॥

—स्कन्दपुराण ॥

इत्यादिवचनवाट तपोरूप व्रतको अधिकारी ( योग्यकर्ता ) हुनालाई-आफ्नु वर्णाश्रमको आचारमा तत्पर, अन्तःकरण शुद्ध गराउने, लोभ न गर्ने, साँचो बोल्ने, प्राणिमात्रको हित गर्ने, श्रद्धाले युक्त भएको, न्याय (नीति) को भङ्गदेखी डराउने, घमराड नगर्ने, दम्भ नगर्ने, हुनु पर्दछ. अन्यथा व्रतगर्नाको श्रम व्यर्थ छ ।

नित्य मानिएको व्रत नगर्दा—

न करोति हि यो मूढ एकादश्यामुपोषणम् ।
स नरो रौरवं याति नरकं तमसावृतम् ॥

—सनत्कुमार ॥

इत्यादि वचनवाट नरकप्राप्ति हुने रहे छ भन्ने स्पष्ट देखिन्छ । यो सबै सन्दर्भको पर्यालोचनावाट हाम्रा पूर्वजहरूले सभक्ति गरिएको तपको एक प्रकार भएको यो एकादशीव्रत यथोक्तगरी गरेर आफ्नु उत्कर्ष गर्नु मेरो कर्तव्य थियो ।

जुन्सुकै व्रतमा पनी—

क्षमा सत्यं दया दानं शौचमिन्द्रियनिग्रहः ।
देवपूजाऽग्निहवनं संतोषः स्तेयवर्जनम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वव्रतेष्वयं धर्मः सामान्यो दशकः स्थितः।

भविष्योत्तर०॥

यो वचनानुसारको १० नियम गरेर शास्त्रोक्तरीतले आफ्नु उमेर शक्तिको ठीक २ विचार गरी व्रत गर्नु पनी मेरो कर्तव्य थियो। "शास्त्र कसैलाई दुःख दिनाका निमित्त बनेका होइनन्। वितृष्णभएका, शीतोष्णादिद्वन्द्वलाई जितिसकेका, वृक्षको वल्कल लाउने, कन्दमूलको आहार गर्ने महात्मा हरूले फगत लोककल्याणका निमित्त शास्त्र बनाएका हुन्। ई महात्माहरू कर्मभूमि यहाँ गरेका कर्मको परिपाक (फलभोग) स्वरूप स्वर्ग नरक सम्म अव्याहतगति भएका हुनाले इन्को वचनमा विश्वास नगर्नु हाम्रो वदनसीवी (अभाग्य) हो"। यस्तो विचार गर्नु पनी मेरो भाग्योदयै थियो।

"व्रतका विषयमा सबैलाई एकैनासको आज्ञा छैन। शक्तिमान् उमेरदारले उपवास (निराहार) गर्नु, रोगी-पित्त प्रकृतिवाला, तीस (३०) वर्ष नाघेका, मानिसले उपवासका बदलामा नक्त एकभक्त प्रभृति अनुकल्प गर्नु" यो आशयको—

व्याधिभिः परिभूतानां पित्ताधिकशरीरिणाम्।
त्रिंशद्वर्षाधिकानां च नक्तादिपरिकल्पनम्॥

मार्कण्डेय०।

यो वचनको अनुसार र—"नक्तभोजन-हविष्यान्नभोजन-अनोदन ( भात बाहेक ) भोजन, फलभोजन, तिलभोजन, दुग्धपान-जलपान-घृतपान-पञ्चगव्यपान-वायुपान ( निराहार ) यतिमा शक्ति प्रकृतिको विचारले जुन् भएपनी गर्नु, इन्मा उत्तरोत्तर उत्तमपना छ" यो आशय भएको—

नक्तं हविष्यान्न मनोदनं वा फलं तिलाः क्षीरमथाम्बु वाज्यम्।
यत्पञ्चगव्यं यदि वापि वायुः प्रशस्तमत्रोत्तर मुत्तरं च।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४० )

## दिनार्धभागे हरिवासरादिषु
## क्षुधा मनः कल्पितया मुमूर्षतः ।

---

यो वचनानुसार श्रद्धापूर्वक चल्नु पर्नेमा अविपक्षीको भोजनकाल नआउदै अनेक परिकारसमेतको नाममात्रको फलाहारका निमित्त कल्पित क्षुधाले मुमूर्षु ( मर्न आटेको ) भएर मैले फलाहार नाम गरेको एकादशीको व्रत पनी गरी टोपले ।

तपको नाउँमा एकादशीव्रतको ता यो गति छ भने अरू कडाक-डातपको के कुरा ?

निमन्त्रणका दिन साँझसम्म पनी पर्खनेले एकादशीका दिन "अव भोको वस्न म शक्तिन ल्याओ फलाहार" भनी सधैको भन्दा पनी चाँडो भोजन गरेर शक्तिशाठ्य (भएकी शक्ति लुकाउनेकाम) गरें ।

दरिद्र भएर पनी मैले तप गर्न विल्कुल खायश गरिन ।

में जस्ता अधमाधम व्यक्तिलाई देख्ता,-सर्वलोकोपकारी शान्तिधारी अविकारी भएका महात्मा व्यासजीलाई समेत, रोक नशकिने गरी क्रोधको जोश चढेर आउँदा "दरिद्र भएर पनी तप नगर्ने पाजी लाई घाँटीमा मजवूत ढुङ्गा वाँधेर पानीमा डुवाई दिनू" यस्तो कठोर वचन* विवश भएर वोल्नु पर्‍यो । भगवन् ! दयासागर ! गोविन्द ! त्यो मेरो व्यतिक्रम अक्षम्य भए पनी क्षमा गरिवक्सियोस् ।

---

* द्वावम्भसि निवेष्टव्यौ गले बद्ध्वा दृढां शिलाम् ।
धनवन्तमदातारं दरिद्रं चातपस्विनम् ॥

[ भारत. उद्योग प० ३३ । अ० ६० श्लो० ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**निमन्त्रणस्याहनि सायमश्नतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! तपको वृत्तान्त जाहेर गरि सकें । अब जप को वृत्तान्त सुनिवक्सियोस् । गायत्रीमन्त्रहरुको जप गर्दा विषादपूर्ण भएर गरे पनी अरुका कानमा अरुका कामको उपांशु जप गर्दा खुशीका साथ श्रद्धापूर्ण भएर गरें. हाय ! अरु जपभन्दा शतगुण अधिक फल दिने त्यो उपांशु जपले* पनी म दुःखीको दुःखीनै रहें । तै पनी त्योचाहिने जपमा विषाद पनी आएन श्रद्धा पनी घटेन । भगवन् ! किङ्करपनालाई भजदा बुद्धि ठहरै परेर मरीगई, के गरु ? । यो व्यतिक्रम क्षमा गरिवक्सियोस् ।

( ४१ )

**परस्य कर्माणि परस्य कर्णयोः**
**शनैः सतोषं जपतोऽपिदुःखिनः ।**

---

* दर्श-पौर्णमास आदिगरिएका विधियज्ञभन्दा जपयज्ञ ( जप (स्पष्ट उच्चारण) गरेर गरिने जप-पाठ ) दश खण्ड बढ्ता फलदायक छ । त्यसभन्दा शयखण्ड बढ्ता फल दिने उपांशु (सुस्त सुस्त गरिने) जप हो । त्यस् भन्दा मानसजप सहस्रखण्ड बढ्ता फलदायक छ ।

विधियज्ञाज्जपयज्ञो विशिष्टोदशभिर्गुणैः ।
उपांशुः स्याच्छतगुणः साहस्रो मानसः स्मृतः ॥

[ मनुस्मृति अ० २ श्लो० ८ ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हतोपलब्धेर्भजतो भुजिष्यतां
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! कहिले काहीं "राम्रैसँगवरले जप गरौं न" भनी हातमा जपमाला लिएर जप गर्न थालें, आलस्य-तन्द्राले विवश पारी हाल्यो, हातबाट जपमालाले हाम फाल्यो* जप गर्दा प्रायः यही हाल भएपनी जूवाफुकेको वेलामा ता रातदिन

---

* यथाकथंचित् जपमा प्रवृत्त हुँदा पनी श्रद्धाशैथिल्य हुन दिए र—"जप(१) गर्दा माला खटखट गरी बज्यो भने कलह हुन्छ, पीङ् हल्लेझ्यैं माला हल्लियो भने मरण हुँन्छ, माला अलमलियो भने विद्वेष (वैमनस्य) हुँन्छ, गेडा फुट्यो भने रोग हुन्छ, हातबाट खस्यो भने ठूलो विघ्न हुन्छ। धागो चुंडियो भने नाश हुन्छ" इत्यादि शास्त्रीय वचनको वास्ते नराखे र, नाना प्रकारका विघ्नलाई स्वयमेव बोलाउनू र—"जूवा(२) प्रभृति व्यसनमाझ्यैं पुण्यकर्ममा एकाग्रता भयो भने अभीष्टसिद्धि टाढा छैनन्" यो शिष्ट हरूको उक्तिमा चित्त नदिए र दुर्लभ ब्राह्मण्य वृथागर्नु भन्दा ठूलो व्यतिक्रम के ?

(१) "कलिः खटखटाशब्दे दोलने च भवेन्मृतिः ।
छलिते चैव विद्वेषः स्फुटिते व्याधिसंभवः ॥
हस्तच्युते महाविघ्नः सूत्रच्छेदे विनाशनम् ।
[ मेरुतन्त्र ]

(२) द्यूतादिष्विव पुण्येषु चेत्कर्मस्वेकतानता ।
नूनं विदूरवर्तिन्यः सिद्धयोऽभिमता न ताः ॥
[ सूक्ति० ]



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँखा झिम्म न पारी जागा रहें। भगवन् ! यो व्यतिक्रम पनि क्षमा गरिबक्सियोस्ः—

( ४२ )

जपार्थिनस्तत्क्षणजातया शयात्
प्रमीलया पातयतोऽक्षमालिकाम्।
दिवानिशं व्रतदिनेषु जाग्रतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! कुनै समयमा मैले पुरोहित्याई पनी गरें। भित्रको नीयत साह्रैनै खराब थियो ता पनी दुनियामा कर्मठता ( कर्मकुशलता ) देखाउनालाई खूब कोशिस गरें। नीयत को विस्तार गरी साध्य छैन। अवश्य गर्नु पर्ने गर्भाधान-सीमन्तोन्नयन-पुंसवन-आदि गरिएका संस्कारलाई, नियमित नगराएर चूडा उपनयनहरु हुँदा लुप्तसंस्कारको प्रायश्चित्त रूप गोदान गराई पैसाझार्ने काम गर्दा आफ्ना यजमान हरुलाई "गोदान गरे पछी नगरेको संस्कार पनी गरेको हुन जान्छ" यस्तो उपदेश समेत दिएँ। शिव ! शिव ! शिव ! त्यो व्यतिक्रम क्षमा गरिबक्सियोस्।

---

(१) जसरी तस्वीर अनेक रङ्गको यथोचित यथा समय सम्मेल गर्दा तयार हुन्छ, तेस्तै ब्राह्मण्य (ब्राह्मणपना) पनी विधिपूर्वक यथासमय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४३ )

## गवां प्रदानादकृतापि संस्कृतिः कृतेति याज्यान्प्रति जल्पतः सतः ।

गरिएका सँस्कारहरूले सिद्ध (१) हुन्छ, जस्को यथोक्त सँस्कार हुँदैनन् तिन्को जन्मै (२) वृथा छ । (३) "गर्भाधानप्रभृति समावर्तनपर्यन्तको सँस्कार ब्राह्मसँस्कार कहिन्छ, ब्राह्मसँस्कारल सँस्कार गरिएको द्विजाति ऋषिहरूको समानता र ऋषिहरूकै सायुज्य पाउँछ" इत्यादि आशय भएका शास्त्रीय वचनले यथोक्तकालमा यथाविधि गर्नु पर्ने संस्कारलाई उपेक्ष्य (अँः ऐले नगरे-पनी हुन्छ भनी नीचमारिने) संभेर पछी चूडा उपनयन गर्दा फगत गोनिष्क्रयीभूतद्रव्यले लुप्तसंस्कारको पूर्ति गर्नु (क) कत्रो व्यतिक्रम हो ? अगत्या (लाचारीले) छुटेका संस्कारको प्रायश्चित्तले पूर्ति भए पनी अनादरले छाडेका सँस्कारको गोदातले पूर्ति गर्न पछी लाग्नु व्यतिक्रमै हो । अरु सँस्कारकोझैं उपनयनको पनी गोदानैले सिद्धि कसो गरिएन !

(१) अङ्गिराः—"चित्रकर्म यथानेकैरागैरुन्मीलयते शनैः । ब्राह्मण्यमपि तद्वत्स्यात्संस्कारैर्विधिपूर्वकैः"

(२) आश्वलायनः—"संस्काररहिता ये तु तेषां जन्म निरर्थकम् ।"

(३) हारीतः—"गर्भादिस्नानान्तो ब्राह्मः, ब्राह्मसंस्कार सँस्कृत ऋषीणां समानतां सायुज्यं गच्छति ।"

(क) यो व्यतिक्रम दुनियामा चलेको लहैलहैले गरेको हूँ ता पनी—

"लहैलहैमा लागेका, धेरै बिग्रे नबिग्रहै !
आत्मावलम्बी मतिमान् सम्रच्छन् तिमि सम्रहै ॥"

यस्तो अमूल्य उपदेशको अनुसरण नगर्नु र त्यसो गर्नु व्यतिक्रमै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**शठस्थिते: कर्मठतामभीप्सत:**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! नियतसमयमा गर्नु पर्ने चूडा-उपनयन-वेदारम्भ-समावर्तन ई ४ संस्कारलाई एकै दिनमा झट्पट् सिध्याएर भले आदमी हरुका समूहमा आफुलाई शिष्ट संझेर फुरुक पर्ने मैले गरेको व्यतिक्रम* क्षमा गरि बक्सियोस्:—

---

* "यथासमय (शास्त्रोक्त मुख्यकालमा) सँस्कार पृथक् पृथक् गर्नाले पूर्ण कल्याण हुन्छ। उपनयन भएपछी ब्रह्मचर्य यथोक्त गर्नु पर्दछ। ब्रह्मचर्यका साथ ठीक ठीक वेदादिको अध्ययन गरी सके पछी समावर्तन गर्नु पर्दछ। उपनयन भएपछी वेदाध्ययन भएन भने शूद्रसमानै रहन्छ। सँस्कारको अपहेलना गर्दा ब्राह्मणवर्ण आज शोचनीय अवस्थामा छ। प्रतिवेद १२ वर्ष ब्रह्मचर्य लिएर सबै वेद पढ्ने समय आज छैनता पनी "ग्रहणान्तिक मेव वा" यो पक्ष लिएर १ वेद साङ्गोपाङ्ग पढ्नन् ज्यालता ब्रह्मचर्य गर्नै पर्दछ। ब्राह्मणले कल्याणमार्गको अवलम्बन गऱ्यो भने ब्राह्मणमात्रको होइनकी संसारभरको कल्याण छ। ब्राह्मणैले आचारच्युत होइ दिंदा सबै समाज "**न मक्का नो काशी शिव ! शिव ! न हिन्दुर्नयवन:**" भने जस्ता भई इतो भ्रष्टस्ततो भ्रष्ट हुन लाग्यो। मैले भने जस्तो गर्नु हवस है"—

भनी यजमानलाई संझाई बुझाई यथाकाल यथाविधि संस्कार गरेर ब्राह्मणादिको उत्कर्ष गराउन पट्टी नलागेर हडवडीका साथ चारै सँस्कार झट्टै सिद्धयाउने "मलाई कोटि २ धिक्कार छ। "यसरी सँस्कारविप्लव हुने प्रथा चलि आएको देख्ता देख्तै यस्को सुधारणाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४४ )

सहैव संस्कारचतुष्टयं क्षणात्
समाप्य चूडाप्रभृति प्रसीदतः ।
सतः सतां संसदि शिष्टमानिनः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! छोट्करीका साथ पूजा सूजा सिध्याएर झट्पट् वस्त्र-अभ्रक-माला-अबीर प्रभृतिले पूजितदेवताहरुलाई ढाँचाका साथ झकाझक पारेर यजमानका आगमनको प्रतीक्षा गर्दागर्दा धेरै टाइम गुजार्ने मेरो ※ व्यतिक्रम क्षमा गरि बक्सियोस्:—

फिक्रिने लिइन"। यस्तो दिग्दारी लिनु पर्नेमा, झन् खुशी हुनु र त्यो उत्सवमा संमिलित भएका मानिसका मध्यमा आफ्नू शिष्टता देखाएर प्रत्येकका चित्तमा "यसो गर्नु पर्ने रहेछ, जती सक्यो चाँडै काम सिध्याए प्रतिष्ठा पाइँदो रहेछ" यस्तो कुसंस्कार बढाउदै यो खराब प्रथाको उत्तरोत्तर वृद्धि गरी धर्मद्रोही कल्याणद्रोही भएर पवित्र ऋषिवंशलाई कलङ्कित गर्नु र देशलाई अधोगतिमा पुऱ्याउनुभन्दा ठूलो व्यतिक्रम के होला ?

※ "यो कामलाई यति टायम लाग्द छ, यजमान यस टायमा आउछन्" यति कुराको यथार्थ समुझ राखे र तदनुसार कामको आरम्भ गरी सुविस्ता साथ काम गरेर यजमानको पनी पूर्ण कल्याण आफ्नू पनी यथाशक्ति प्रत्यवायवाट बचावट गर्नु पर्नेमा कार्यका समयको र यजमानका समयको सम्म पनी यथोचित अनुसन्धान गर्ने नशकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४५ )

समाप्य संक्षिप्ततयैव पूजना-
दिकं कृताडम्बरमम्बरादिभिः ।
प्रतीक्ष्य याज्यं सुचिरं निषीदतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! मैले सदागति ( सधैं यतार उती हिंडी रहने + वायुरूप ) भएर अर्कोले दिएको पिण्ड ( अन्नग्रास + क्रियामा दिइने पिण्ड ) द्वारा आफ्नाशरीरको पूरण गर्न खोज्ने र दक्षिणाशा ( दक्षिणाको आशा + प्रेत-पितृ हरुको निवासस्थान भएको दक्षिण दिशा ) द्वारा आफ्नू स्थिति गर्दा दुःख पाउने प्रेतको तुल्यतानै भोगें, भगवन् ! शोचनीय❀ अवस्थाना

---

"हर्रबोके ! आइजा अछेता पाती खाइजा" भने जस्तो गरि काम सिद्धयाएर यजमानका चित्तमा "यो ब्राह्मण खूब जान्ने छ" यस्तो भानपारी आफ्नु उन्नति गर्नाका निमित्त सर्वसाक्षी देवताहरूका वर्गलाई भक्तिहीन विधिहीन भएका आडम्बरले झन् कुपित गराउन खोज्ने मेरो व्यतिक्रम अद्‌भुतै छ ।

❀ आपद्घनध्वान्तसहस्रभानवः समीहितार्थार्पणकामधेनवः ।
अपारसंसारसमुद्रसेतवः पुनन्तु मां ब्राह्मणपादरेणवः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दयापात्र भई रहेका मेरो व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ४६ )

**सदागते: स्वस्य पुपूर्षतो वपुः**
**परस्य पिण्डैरपि दक्षिणाशया—।**
**कृतास्थिते: प्रेतसमस्य सीदत:**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! प्रेतको सादृश्य (क) पाईसकेको मैले इष्ट-मित्रका विवाहादि उत्सवमा आएका जन्ती हरुमा संमिलित भएर वर्णभेद कर्मभेदको वास्ता कत्ती न राखी घूँडा जोरेर निर्लज्जता लाई उत्तरोत्तर वढ़ाउदै लज्जाको सर्वनाश गर्दै ठीक साँझका वेलामा प्रेत जस्तै भएर खूब भोज खाएँ। * यो व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

---

(क) "आपद्रूपी गाढान्धकार हटाउन सूर्यस्वरूप भएका, मनोरथ पूर्ण गर्न कामधेनुस्वरूप भएका, अपार भएका संसारसागरको पार प्राप्ति गराउन सेतु (पूल) स्वरूप भएका ब्राह्मणका चरणकारेणु (रज) हरू मलाई पवित्र गरून्"।

यस्ता प्रकारको प्रार्थनागरेर जस्को चरणरज आदरपूर्वक शिरसा धारणगरिन्थ्यो उनै महर्षिकोवंशमा पैदा भएका मेरो सादृश्य प्रेतसँग !।

* "जुन् ब्राह्मण शूद्र सँग एकपङ्क्तिमा भोजन गर्दछ, त्यस्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रायश्चित्त यावज्जीव (वाचुन्ज्याल) अशुद्धतानै हो, अर्को प्रायश्चित्त छैन" । यस्ता—

यस्तु शूद्रैः समश्नीयाद् ब्राह्मणोऽप्येकभोजने ।
आशौचं विधिवत्तस्य शौचमत्र विधीयते ॥

भारत अ० प० १३६ ।

वचनलाई "तीर्थमा, विवाहमा, यात्रामा, संग्राममा, देशविप्लव (वलवा) मा, नगरदाहमा, ग्रामदाहमा, आपतसमयमा, महामारीका भयको समयमा, अरूपीडाका समयमा, आमावावूगुरूको आज्ञासंपादन गर्दामा, छुवाछूतको दोष लाग्दैन" यस्तो (१)वचनले वाध गरेर "विवाहको भोजमा सवै सँग घुँडा जोरे र खानु व्यतिक्रम होइन" यस्तो आग्रह पूर्वक समर्थन गरे पनी "(२)सन्ध्याकालमा नखाओस्—(३)सूर्योदय र सूर्यास्तका समया न खाओस्"—इत्यादि धर्मशास्त्रका वचनलाई र "हात(४) पाउ नपखाली नखानु, दिशा सूचील चापेका वेलामा नखानु, सूर्योदय र सूर्यास्तको सन्निहित समयमा नखानु" इत्यादि आयुर्वेदका वचनलाई नटेरेर धर्मको र स्वास्थ्यको नाश गर्नु व्यतिक्रमै हो ।

---

(१) वृहस्पतिः—तीर्थे विवाहे यात्रायां संग्रामे देशविप्लवे ।
नगरग्रामदाहे च स्पृष्टास्पृष्टि न दुष्यति ॥
आपद्यपि च कष्टायां रुग्भये पीडिते तथा ।
मातापित्रोर्गुरोश्चैव निदेशस्याऽनुवर्तने ॥

(२-३) मनुः—नाश्नीयात् सन्धिवेलायाम् ।
नातिप्रगे नातिसायम् ॥

(४) सुश्रुतः—नाप्रक्षालितपाणिपादो भुञ्जीत,
न मूत्रोच्चारपीडितो, न सन्ध्ययोः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४७ )

जनैर्विवाहादिषु सायमागतैः
सहर्षमुच्चावचकर्मजातिभिः ।
क्षतत्रपं योजितजानु जक्षतः
क्षमस्व गोविन्द मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! बजारमा गएर सुकेको माछा, मासुको सुकुटी, बोसो इत्यादि अपवित्र पदार्थ साथसाथ राखिएको, कुखुराप्रभृतिका अण्ड ( फूल ) ले सजाई राखेको खानेकुरा मध्ये इच्छानुसार खरीद गरी ल्याउने मेरो व्यतिक्रम* क्षमा गरिबक्सियोस्:—

( ४८ )

समत्स्यवल्लूरवसासु मध्यतः
सकुक्कुटाण्डास्वपि भक्ष्यराजिषु ।

---

* "सर्वं पण्यगतं शुचि" यस्तो कहींको वचन र "शुद्धं प्रसारितं पण्यम्" यो विष्णुस्मृतिको वचनमा ढुक्क परे र, यथाभावी बुद्धिपूर्वक अभक्ष्यपदार्थमा छ्यासमिस् पारेर राखेको भक्ष्यपदार्थ खरीद गरेर देवतापितृहरू र आफ्ना निमित्त उपयोग बराबर गरीरहनु र पसलको सुप्रबन्धका निमित्त भन् सुन् कसैसंग न गर्नु व्यतिक्रमै हो ।

माथी देखाइएका स्मृतिको "अबुद्धिपूर्वक केही अशुद्धताको कारण परेको भए पनी बेच्न फैलाइको वस्तु अशुद्ध हुदैन" यो अर्थ हो । "यथाभावी गरेर बेच्न राखेको सबै चीज शुद्ध हुन्छ" यो अर्थ होइन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**स्वयं यथेच्छं विपणेः प्रतीच्छतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! जस्को दूध कैयौं वेत पिइयो, जस्लाई कैयौं वर्ष गोठमा राखियो, उनै गाईलाई "यो लोक परलोक दुवै सपारी दिने ई ( गौमाताहरु ) आफ्नी जन्मदात्री माता जत्तिकै पूज्य र पालनीय हुन्" यस्तो उचित विचार नगरी "बूढी भए, पाल्न मुश्किल भयो" यस्तो निष्ठुरता लिएर कसैलाई पाल्न दिई पन्साउन खोज्ने मेरो * व्यतिक्रम क्षमा गरिवक्सियोस्:—

---

* अल्लिखेर आस्तिकता लाई पन्साएर "गाईवाट लौकिक फायदा के के हुन्छ ?" यत्ति कुराको विचार गर्न लागे पनी—"फगत यौटा अद्भुत गुण भएको गोमूत्रका निमित्त मात्रै पनी गाई पाल्नु गृहस्थको कर्तव्य हो" यो कुरा सिद्ध हुन आउँछ ।

(१) आयुर्वेदमा—"दद्रू-किलास ( दूभी ) शूल-मुखरोग-नेत्ररोग-गुल्म-अतिसार-वात-मूत्ररोध-खोकी-कुष्ठ-उदर-क्रिमि-पाण्डुरोग यति रोगमा फगत गोमूत्रैको पान गरे हित हुन्छ" भनी लखियेको छ ।

(१) दद्रू किलासगदशूलमुखाक्षिरोगान्
गुल्मातिसारमरुदामयमूत्ररोधान् ।
कासं सकुष्ठजठरक्रिमिपाण्डुरोगान्
गोमूत्रमेकमपि पीतमपाकरोति ॥

[ भावप्रकाश ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"गोबरले कृमिको नाश गर्दछ" भन्ने कुरा ऐलेका शिक्षित समाजले पनी स्वीकार गरेका छन्। गोमयादितैल-गोमयादिघृत हाम्रा आयुर्वेदीय ग्रन्थमा लेखिएकै छन्। अशिक्षित समाज ले पनी गाइका गोबरको मलद्वारा फायदा हाशील गरेकै छ।

"प्रसिद्ध गुण भएको गाइको दूध विशेष गरेर अरू दूध भन्दा ओजोवर्धक ( तेज बढाउने ) र जीवनीयश्रेष्ठ ( जिन्दगी बढाउनामा उत्तम ) र रसायन ( व्याधि र वृद्धतालाई ध्वस्त गर्ने ) छ" भनि महर्षि चरकाचार्य जीले (१)भनेको छ।

"गाइको दहि पवित्र ( अशुद्धता हटाउने ) अग्नि बढाउने, हृदय ( मुटुकलेजा ) लाई हित गर्ने,—शरीर पुष्ट गराउने, वायु हर्ने र सबै दहि मध्यमा अधिक गुण भएको श्रेष्ठ छ" भनी भावमिश्र (२)भन्छन्।

"गाइको नउनी सबै प्रकृतिलाई हित, पुंस्त्व (पौरुष) बढाउने, बल वर्ण-अग्नि बढाउने, संग्राहि—(दिशा पर्यालो हुन नदिने), वात, पित्त, रक्तविकार, क्षय, अर्श, अर्दितवात, खोकी, यती रोगमा हितकारी र बाल वृद्ध हरूलाई खूब फायदा गर्ने छ-बालकलाई गाइको नउनी अमृतै हो" भनी भावमिश्रजीले (३) भनेका छन्।

---

(१) तदेवं गुणमेवौजः सामान्यादभिवर्धयेत्।
प्रवरं जीवनीयानां क्षीरमुक्तं रसायनम्॥
[ सूत्रस्थान० अ २७। श्लो० २१४ ]

(२) पवित्रं दीपनं हृद्यं पुष्टिकृत् पवनापहम्।
उक्तं दध्नामशेषाणां मध्ये गव्यं गुणाधिकम्॥
[ भावप्रकाश दधिवर्ग ]

(३) नवनीतं हितं गव्यं वृष्यं वर्णबलाग्निकृत्।
संग्राहि वातपित्तासृक्क्षयार्शोऽर्दितकासहृत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"गाइको घिउ नेत्रहितकारी, पुँस्त्ववर्धक, अग्निवर्धक, मधुर, पाचन-कर्ता; ठण्ढा, त्रिदोषनाशक, बुद्धि-स्मरणशक्ति-कान्ति ओज-तेज-इन्लाई बढाउने, अलक्ष्मी (अलच्छिन) पाप-भूत-प्रेत-राक्षस-हटाउने, जवानी (यौवन) लाई कायम राख्ने, भारी, बल (तागत) दिने, पवित्र, आयु बढ़ाउने, मङ्गल्य, रसायन, सुगन्ध, रुचि गराउने र सब घिउ भन्दा गुणले श्रेष्ठ छ" इनै महात्माले (१) भनेका छन्।

दृष्टफल भएका आयुर्वेदका वचनले र थोडा बहूत आफ्नै अनुभवले पनी "गाईबाट दुनियाँ लाई जती लौकिक फायदा हुन्छ त्यो फायदा अरू कुनै चीज बाट हुन शक्तैन" भनी प्रत्येक विचारवान् मानिसका हृदयले भन्द छ।

अब आस्तिकतालाई साथमा लिई "गाई बाट दुनिया लाई ऐह लौकिक र पारलौकिक फायदा के के छ ?" यस्कुराको विचार गर्दा—

(क) "जङ्गलमा गई घाँस खाएर नदी नाला पोखरी प्रभृतिको पानी

---

तद्धितं बालके वृद्धे, विशेषादमृतं शिशोः ॥

[ भावप्रकाश । नवनीत वर्ग । ]

(१) गव्यं घृतं विशेषेण चक्षुष्यं वृष्यमग्निकृत् ।
स्वादु पाककरं शीतं वातपित्तकफापहम् ॥
मेधालावण्यकान्त्योजस्तेजोवृद्धिकरं परम् ।
अलक्ष्मीपापरोगघ्नं वयसः स्थापकं गुरु ॥
बल्यं पवित्रमायुष्यं सुमङ्गल्यं रसायनम् ।
सुगन्धं रोचनं चारु सर्वाज्येषु गुणाधिकम् ॥

[ भावप्रकाश घृतवर्ग । ]

(क) तृणानि खादन्ति चरन्त्यरण्ये पिबन्ति तोयान्यपरिग्रहाणि ।
दुह्यन्ति वाह्यन्ति पुनन्ति पापं गवां गणैर्जीवति जीवलोकः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पियेर अमृत ( दूध ) दिने, आफ्ना सन्तान गोरूद्वारा हलो गाडा प्रभृति चलाएर लोकरक्षा गर्ने, गाईको आधारमा दुनिया बाँचेको छ"।

(ख) "गाई प्रसन्न भए भने पापहरण गर्दछन्, दान गरिये भने गाईले स्वर्गप्राप्ति गरिदिन्छन्, राम्रो हिसावले पालिये भने श्रीवढाई दिन्छन्, गोधन वरावर अर्को धन केही छैन"।

(ग) "घाँस खान्छिन् अमृत दिन्छिन्, पापको ह्रास गराएर मित्रको वृद्धि गर्दछिन्, त्यही अमृत सज्जनहरूले खाइन्छ, गोधनको समान अर्को धन छैन"। इत्यादि अनेकानेक वचनवाट संसारमा गोधन बराबर अर्को धन छैन भन्ने सिद्ध हुन्छ।

यही गोधनलाई सर्वोपरि चीज संझने गोरक्षदेशनिवासी हाम्रा पूर्वजहरूले गाईलाई "वस्तु" भन्ने संज्ञा दिएर सेवा गरेका हुन्।

"आचमन गरेर विहाना वेलुका—

घृतक्षीरप्रदागावो घृतयोन्यो घृतोद्भवाः।
घृतनद्यो घृतावर्तास्तामे सन्तु सदा गृहे॥
घृतं मे हृदये नित्यं घृतं नाभ्यां प्रतिष्ठितम्।
घृतं मे सर्वगात्रेषु घृतं मे मनसि स्थितम्॥
गावो ममाग्रतो नित्यं गावः पृष्ठत एव च।
गावो मे सर्वतश्चैव गवां मध्ये वसाम्यहम्॥

[ भा० अनु० ७८ ]

---

(ख) तुष्टास्तु गावः शमयन्ति पापं दत्तास्तु गावस्त्रिदिवं नयन्ति।
संरक्षिता श्चोपनयन्ति वित्तं गोभिर्न तुल्यं धनमस्ति किंचित्॥

(ग) शष्पं समश्नात्यमृतं ददाति पापक्षतिं मित्रविवर्धनं च।
तदेव चार्यैः परिभुज्यते च गोभिर्न तुल्यं धनमस्ति किंचित्॥

[ स्कन्दपुराण ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ४९ )

# निपीतदुग्धा अपि गाश्चिरं भृता
# जरापरीता इति दुर्भरा इति ।

---

ई ३ मन्त्र ले गाइको स्तुति गर्दा दैनिक पाप नष्ट हुन्छन्" भनि भारत अनुशासन पर्वमा लेखिएको छ ।

"रातमा, दिउसो, संकष्टमा, सुविस्तामा, ठूलो भए आएमा—

**गावो मामुपतिष्ठन्तु हेमश्रृङ्ग्यः पयोमुचः ।**
**सुरभ्यः सौरभेय्यश्च सरितः सागरं यथा ॥**
**गावः पश्याम्यहं नित्यं गावः पश्यन्तु मां सदा ।**
**गावोऽस्माकं वयं तासां यतो गावस्ततो वयम् ॥**

यत्ति २ मन्त्ररूप गोमतीविद्याको आवृत्ति गऱ्यो भने भयवाट मुक्त हुन्छ "भनी भारत अनुशासन पर्वमा लेखियेको छ ।

(घ) "विधिपूर्वक स्नान गरेर ३ दिन निराहार गर्ने र, गाइको पृष्ठ भागको स्पर्श गरेर पुच्छरमा ढोग दिनको पुण्य तुल्य छ" भनी भीष्मपितामहले महाराजा युधिष्ठिरलाई उपदेश गरेको छ ।

इत्यादि प्रपञ्चवाट यो लोक परलोक दुवै सा कल्याण गर्ने गौमातालाई "दूध दिन छाडे, बूढी भए, अन्तै पाल्न दिन्छू" भनी पन्साउन खोज्ने मेरो व्यतिक्रम "काम गर्न शक्तिनौ, बूढी भयो, अब स तिम्रिलाई पाल्न शक्तिन, अन्तै भतुवा लाग्न जाउ; वाँचे वाँच, मरे मर" भनी आफ्नी आमालाई पन्साउन खोज्ने मानिसको व्यतिक्रम भन्दा वढीने छ.

---

(घ) त्र्यहं स्नातः स भवति निराहारश्च वर्तते ।
स्पृशते यो गवां पृष्ठं वालधिं च नमस्यति ॥

भार० अनु० पर्व० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिता इहामुत्र च हा ! जिहासतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! खास ❀वेदले समेत प्रशंसा गरिएका,

---

❀ "गौर्मे माता वृषभः पिता मे दिवं शर्म जगती मे प्रतिष्ठा ।
ऊर्जस्विन्य ऊर्जमेधाश्चयज्ञे गर्भोऽमृतस्य जगतोऽस्यप्रतिष्ठा ॥
क्षितेरोहः प्रवहः शश्वदेव प्राजापत्याः सर्वमित्यर्थवादाः ।
गावो ममैनः प्रणुदन्तुसौर्यास्तथासौम्या स्वर्गयानाय सन्तु ।
आत्मानं मे मातृवच्चाश्रयन्तु तथाऽनुक्ताः सन्तु सर्वाशिषो मे ।
शोषोत्सर्गे कर्मभिर्देहमोदो सरस्वत्यः श्रेयसे संप्रवृत्ताः ॥
यूयं नित्यं सर्वपुण्योपवाह्यां दिशध्वं मे गतिमिष्टां प्रसन्नाः ।
या वै यूयं सोऽहमद्यैकभावो युष्मान्दत्वा चाहमात्मप्रदाता ॥
मनश्च्युता मन एवोपपन्नाः संधुक्षध्वं सौम्यरूपोग्ररूपाः ।"

( गोश्रुतिमन्त्र )

इत्यादि श्रुतिले प्रशंसा गरिएका, यज्ञोपयोगी गव्य पदार्थको प्रदर्शन गराउना लाई—

"प्रतिधुक् तस्यै शृतं तस्यै शरस्तस्यै दधि तस्यै मस्तु तस्या आतञ्चनं तस्यै नवनीतं तस्यै घृतं तस्या आमिक्षा तस्यै वाजिनं तस्यै" ( क )

यस्ता प्रकारले (१०) गव्यको उल्लेख गर्ने शतपथ ब्राह्मणले समेत

---

(क) प्रतिधुक् सद्यो दुग्धम् । [ शृतं पक्वं पयः । ]
शरः पक्वक्षीरस्यो परिगतः सारः । [ शेषं व्यक्तम् । ]
(१०) वाजिनमामिक्षानिः सृतं जलम् । [ शतपथभाष्य । ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

याज्ञिक ( यज्ञकर्ता ) हरुले दश प्रकारका गव्य ( गौ माताका शरीर वाट पैदा हुने चीज ) का निमित्त उपयोग गरिएका, आफुले पालिएका गौ माता पदी नीच मारेर कोशीसका साथ भैंसी लाई पोस्नपट्टी लाग्ने पामर भएका मेरो व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

( ५० )

**अपौरुषेयैर्वचनैः प्रशंसिताः**
**क्रतुप्रसक्तैर्दशधोपयोजिताः ।**
**उपेक्ष्य गाः स्वा महिषीः प्रपुष्णतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! अनेक वहाना गरेर सोडावाटर घटाघट पिउने, कैलेकाहीं पञ्चगव्यप्राशन गर्नु पर्‍यो भने महाआपत्ति परेर साराशरीरलाई तकलीफ पुर्‍याउने सिरिङ्गगरेर घीनले नाक को टुप्पो खुमुच्च्यायेर २।४ थोपा प्राशन गर्ने मेरो व्यतिक्रम्* क्षमा गरिवक्सियोस् :—

---

कीर्तन गरिएका गौमाता लाई उपेक्षा गरेर अलीकति दूध वढता होलाकी भन्ने आशाले, अथवा अरूकुनै कारणले भैंसीको सेवा गर्ने पट्टी लाग्नु भारी व्यतिक्रम हो ।

* हाम्रो सनातनधर्ममा शरीरशुद्धिका निमित्त पञ्चगव्य प्राशन यत्रतत्र विहित छ । यस्मा अशुद्धपदार्थको संवन्ध छैन । यथोक्त प्रमाणले मिलाएका गोमूत्र-गोमय-गोदधि-गोदुग्ध-गोघृत र कुशोदकको संम्मेलन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५१ )

घृणासमाकुञ्चितघोणमुच्चकै-
र्विपत्तितात्म्यत्तनु गव्यपञ्चकम् ।
सदम्भमम्भः पिबतः ससोरकं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! चारैतिर वर्णाश्रमधर्मको विप्लव ( गड्-बड़ी ) फैलिंदै गएको देखेर पनी उदासीनता ( तटस्थता ) लिएर पक्षपर्ने मेरो *व्यतिक्रम क्षमागरिबक्सियोस् :—

---

पञ्चगव्य हो । यो तयारगर्दा वैदिक-मन्त्रले अभिमन्त्रण हुन्छ । पञ्चगव्य-प्राशनका (१) मन्त्रवाट यस्ले शरीरशुद्धि पापनाश गर्दछ भने कुरा स्पष्टैछ । शिष्टहरू यस्को आदरपूर्वक पान गर्दछन् । नित्यश्रद्धापूर्वक पान गर्नु पर्ने पदार्थको कैलेकाहीं प्राशनमात्रगर्दा त्यो दुर्दशा ?

जस्को अशुद्धता जगत्प्रख्यात छ, त्यो सोडावाटरका निमित्त त्यो हत्येहलाई ? भगवन् ! गोविन्द ! यो व्यतिक्रम क्षमा नगरिबक्सिये मेरो के गति ?

* श्रीपशुपतिनाथ श्रीगुह्यकालीका चरणकमलमा भक्तिपूर्वक साष्टाङ्ग दण्डवत्प्रणाम गरी हामी नेपालदेशीय सबै प्रजाले आफ्नु भाग्यलाई कोटि कोटि धन्यवाद दिनु पर्दछ ।

---

(१) यत्त्वगस्थिगतं पापं देहे तिष्ठति मामके ।
प्राशनात्पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥
[पञ्चगव्यप्राशनमन्त्र] ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन् हाम्रो भाग्यले गर्दा आदिकाल देखी प्रचलित भई आएका धर्मको संरक्षणका निमित्त—"आफ्ना आफ्ना धर्ममा स्थिर रहेका सबै वर्ण र सबै आश्रमको रक्षा गर्नु मेरो (१)प्रधान कर्तव्य हो" यस्तो ख्याल हमेशा लिएर तदनुसारको प्रबन्ध गर्ने, अष्टलोकपालका अंशले संयुक्त भएका प्रभावपूर्ण क्षात्रधर्मधुरन्धर राजा हामीले पाएका छौं।

जुन् हाम्रो भाग्यले गर्दा—

"परलोकमा सहायता गर्नाका निमित्त बाबू आमा छोरा-छोरी स्वास्नी दाज्यू भाईकोही खडा हुदैन फगत धर्मैं खडा रहन्छ"। (क)

"प्राणी एक्लै जन्मन्छ एक्लै मर्दछ, पुण्यको र पापको फल पनी एक्लै भोग्दछ"। (ख)

"गतप्राण भएको शरीर (लाश) लाई साधारण काष्ठ-मृत्पिण्ड बराबर गरी जमीनमा मिल्काएर बान्धव हरू विमुख भएर फर्कन्छन्। तर धर्म पछी पछी लाग्दछ ( जहाँ पुगे पनी छोड्दैन)।" (ग)

---

(१) स्वे स्वे धर्मे निविष्टानां सर्वेषामनुपूर्वशः।
वर्णानामाश्रमाणां च राजा सृष्टोऽभिरक्षिता॥
[ मनुस्मृति० अ० ७ श्लो० ३५ ]

(क) नामुत्र हि सहायार्थं पिता माता च तिष्ठतः।
न पुत्रदारा न ज्ञातिर्धर्मस्तिष्ठति केवलः॥

(ख) एकः प्रजायते जन्तुरेक एव प्रलीयते।
एकोऽनु भुङ्क्ते सुकृतमेक एव च दुष्कृतम्॥

(ग) मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ।
विमुखा बान्धवा यान्ति धर्मस्तमनु गच्छति॥
[ मनु० अ० ४ श्लो० २३९-२४०-२४१ ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्ता शास्त्रोक्त धार्मिक वचनमा पूर्णश्रद्धा विश्वास राखेर धर्मको अवलम्बन गरी—

"धर्म मारियो भने धर्मले मार्दछ, धर्म बचाइयो भने धर्मले बचाउँ छ। त्यस्कारण हामी धर्मको वध न गरौं, वध न गरिएको धर्म हाम्रो वध नगरोस्, सावधान भएर चलौं" (घ)

यस्तो आशय भएका शास्त्रका आज्ञानुसार अधर्मबाट पराङ्मुख रहेका प्रातः स्मरणीय महर्षिहरूका वंशमा जन्म भएको छ।

"ब्राह्मण पैदा हुदा धर्मकोश (धर्मको भंडार) को रक्षाका निमित्त जगदीश्वरै पृथिवीमा पैदा हुन्छ" (ङ)

यो शास्त्र वचनलाई अक्षरशः सत्य गराउने हाम्रा पूर्वज हरूले समय समयमा अधर्मको उदय भएर प्रजाको अकल्याण हुन लागेको देख्नाका साथ यथाशक्ति उद्योग गरेर हुन लागेको धर्मविप्लव लाई हटायेको वृत्तान्त इतिहास पुराणहरुबाट विदितै छ.

यद्यपि आज संसारभरमा सनातनधर्मको वर्णाश्रमव्यवस्था हाम्रो यो देशको जति अन्यत्र छैन, सब तरहबाट यहाँ धर्म सुरक्षितै छ, अन्यत्रका हिन्दू समाजले यहाँका चातुर्वर्ण्यव्यवस्थाको वृत्तान्त सुन्दा रोमाञ्चित र हर्षगद्गद भई राजा प्रजा सबैलाई धन्यवाद दिंदैछ। तथापि "**श्रेयसि केन तृप्यते**" यो सुभाषितका अनुसार "अझ हाँ

(घ) धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत्॥
[मनु ८।१५]

(ङ) ब्राह्मणो जायमानो हि पृथिव्यामधिजायते।
ईश्वरः सर्वभूतानां धर्मकोशस्य गुप्तये॥
[मनु।१।९९।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५२ )

निरीक्षितेऽपि प्रसृते समन्ततः
पुराणवर्णाश्रमधर्मविप्लवे ।
चिरादुदासीनतयैव तिष्ठतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! जस्को पायो उस्को और्ध्वदेहिक संस्कार ( काज क्रिया–अस्थिक्षेप-प्रभृति ) गर्ने आफ्ना भाई ब्राह्मण हरु लाई सँझाई बुझाई त्यस्तो धर्म क्षतिवाट वचाउन न चाहने मेरो * व्यतिक्रम क्षमा गरिवक्सियोस्ः—

---

वर्णाश्रमधर्मको परिष्कार हुनशके, सुनमा सुगन्ध भए झैं हुन जाँदा, चिरकाल सम्म, सनातन धर्मको दर्वार स्वरूप भएको यो पवित्र देश आदर्श रूपले इतिहासमा स्थान पाउने थियो" यस्तो उम्मेद राखेर, आफूमा तपोबल-पूर्ण विद्यावल-धनवल-जनवल कुनै बल छैनता पनी यथालब्ध विद्यावलकै अवलम्ब गरी धर्मविप्लवको समयमा उचित चेष्टा नगर्नु मेरो व्यतिक्रम हो.

* दारिद्र्योपहत ( गरीवीले मारिएको ) विद्याविहीन भएको ब्राह्मण-वर्ग आज जस्को पायो उस्को और्ध्वदैहिकक्रिया (क्रिया-अस्थिक्षेपण-श्राद्धप्रभृति) गरेर उत्तरोत्तर अधोगतिमा प्राप्त भएको देखिदैछ । पुगीसरी आउने कुनै मानिसले यस्तो काम प्रायः गर्दैन ता पनी पुगीसरी न आउनेले समेत यो निकृष्टकाम गरेमा मीठोवोलीगरेर अन्तःकरणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेमलिई—"भाई ! तिमिले यस्तो हीनकर्म किन गऱ्यौ ? ब्राह्मण्य भनेको पदार्थ साह्रै ठूलो हो; यस्लाई नष्टपार्नु हुदैन। हीनवर्णको कियाकाज हरु गर्दा ब्राह्मण्य* लुप्त हुन्छ, पैसा भनेको चीज धर्मका सामुन्ने तुच्छ हो। तिमिलाई पैसाले साह्रै कष्ट परेको भए पनी इष्ट मित्रहरूसँग आफ्नु अवस्था जाहेर गर्नु पर्दथ्यो, हामीहरू हाहू गरी त्यो कष्ट टार्नेथियौं। नटारेका पक्षमा पनी कुनै अर्को उद्योगले आफ्नु आर्थिककष्ट तिमिले हटाउनु पर्दथ्यो, के गरीवजती जम्मै जातले अर्काको हाडबोकेर-मलामीको काम नित्य गरेर-क्रिया गरेर-श्राद्ध गरेरमात्रै जीविका गरेका छन् र ? जो भयो भयो, अब प्रायश्चित्त गरेर आफ्नु उद्धार गर" यस्तो उचित अनुरोध गर्नुपर्दथ्यो। नमानेका पक्षमा धर्मको अधिकारवालाका हजूर्मा हाजीर भयेर—

"प्रभु ! फलाना ब्राह्मणले भन्दा भन्दै नमानेर हीनवर्णको और्ध्वदैहिक संस्कार वरावर गर्दै पैसालिंदै गर्न लागेका छन्।

**ब्राह्मणो हीनवर्णस्य न कुर्यादौर्ध्वदैहिकम्।**
**कामाल्लोभात्तथा मोहात् कृत्वा तज्जातितां व्रजेत्।***

यो धर्मशास्त्रको वचन सुनाउदा पनी टेरेनन्। प्रभू ! की इन्लाई प्रायश्चित्तगराई यो काम छुटाई वक्सियोस्, की यस्ता ब्राह्मणको वर्गलाई पृथक् गरेर अरुवर्गलाई चोखो राखिवक्सियोस्, नत्र छुट्टि भयो" यस्तो विन्तिभाउ गरी ब्राह्मणलाई धर्महानिवाट वचाउनु पर्नेमा "अरु विग्रे विग्रोस् कत्रो खाँचो" यस्तो कूट बुद्धिलिनु मेरो ठूलो व्यतिक्रम हो।

---

* ब्राह्मण पैसालिएर जुन जातको और्ध्वदैहिक गर्छ, उसै जातमा शामेलहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५२ )

प्रकुर्वतः संस्कृतिमौर्ध्वदैहिकीं
द्विजान् परेषामपि सान्त्वनादिभिः ।
क्षतेर्गुरोः कूटमतेररक्षतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! बालक ( १६ वर्ष नपुगेका ठीटा हरू ) को विवाह गराएर विधवै विधवा ज्यादा हुन जाँदा देश धैर्यच्युत हुन लागीरहेकोमा उपेक्षा गरी "गौरीं ददन्नाकपृष्ठे" इत्यादि वचनका भरले स्वर्गप्राप्तिको उमेद गरेर शिष्टता देखाउने मेरो व्यतिक्रम ❀ क्षमा गरि बक्सियोस्:—

---

❀ कन्याप्येवं पालनीया शिक्षणीया प्रयत्नतः ।
देया वराय विदुषे धनरत्नसमन्विता ॥ व्यास० ।

यो वचनानुसार कोशीसका साथ उपयुक्त ( गृहस्थाश्रमलाई अवश्य नभईनहुने ) शिक्षा दिएर योग्य पारेकी कन्या वैभवानुसार धन समेत विद्वान् वरलाई दिनु बहुतै उत्तम पक्ष हो। इनैकन्या गृहलक्ष्मी भई संसारको शोभा बढाउने हुन्छन् । अशिक्षित कन्याले आफ्नु घर सह्माल्नुता परै जावोस आफ्नू र आफ्ना पतिको जीवनै विरस पारी दिन्छन्। अशिक्षित कन्या विवाह गर्नेका घरमा साना साना कुरामा नित्य कलह भई जिन्दगानी भर अशान्तिनै रहन्छ । अशिक्षित स्त्रीका पतिले दौलत कमाई हाल्यो भने पनी त्यो सुरक्षित गर्न शक्तैन। अशिक्षित कन्या घरमा हुल्तुर ज्येष्ठा ( अलच्छिन्की देवी ) लाई वाचूँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्याल् विसर्जन गर्नें छैन भनी शपथ गरेर आवाहन गर्नु यौटै कुरा हो। त्यस्ता अशिक्षित स्त्रीका कोखावाट जन्मेका सन्तान समेत, असल सस्कार लाग्ने समयमा ( वाल्यावस्थामा ) आफ्नी आमाका सहवासले कुसंस्कार लाग्न जादा वेकम्मा हुन जान्छन्।

तसर्थ कन्यालाई सुशिक्षित पारेर शास्त्रोक्तकालमा ( ऋतुदर्शन भन्दा पहिले ) कन्यादान गर्नु। कन्यादान गर्दा—वरको विषयमा—

**कुलं च शीलं च वयश्च रूपं विद्यां च वित्तं च सनाथतां च।**
**एतान् गुणान् सप्त परीक्ष्य देया कन्या बुधैः शेषमचिन्तनीयम्॥**

[ यमस्मृति० ]

यो वचनको अनुसार कुल-शील-उमेर-रूप-विद्या-धन-आश्रय इ ७ कुराको विचार राख्नु आवश्यकछ. अरूकुराको ( टाढा छकी नगीच छ, घरमा जहान् कतिछन् इत्यादि ) विचार गर्नु पर्दैन।

लक्षणसम्पन्न भएको वर र लक्षणसम्पन्न भएकी कन्याको दाम्पत्य सम्वन्धहुदा संसार सुखमय हुन्छ।

"भविष्यत्कालमा छोरीको पति गराउन खोजिएको केटो पतिको लक्षणले संपन्न भएको छकी छैन" यो कुरामा पूर्ण ध्यान दिनु पर्दछ। "पातीति पतिः" यस्तो व्याकरणानुसारको हर तरह वाट रक्षागर्न शक्ने पति हुनलायक छ भने कन्या दिनु पर्दछ। "ऐले यस्तो सिंगाने ८।१० वर्षको केटो छ ता पनी पछी पढ्ला, योग्य होला, घरानियाँ हो" यस्तो विचार गरेर आफ्नी छोरी सुम्पनु महामूर्खता हो।

वरको वावुले पनी आफ्नु छोरालाई सुशिक्षित पारेर, सुशिक्षित पार्ने औकात छैन भने पनी साधारण व्यवहारमा सिपालु पारेर उमेर योग्य ( जवानी ) भए पछी विवाह गर्नु अति उचित छ। साह्रै केटा-केटीको विवाहले गर्दा देशमा अल्पायुको संख्या वढ्दै जान लाग्यो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५३ )

उपेक्षमाणस्य विवाह्य बालकान्
विधूतधैर्या विधवाधिकां धराम् ।
त्रिपिष्टपं शिष्टतया यियासतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! अघि कुनै कालमा बुद्धिको कच्चापनले मूर्तिपूजाका विरोधी अनार्य हरुको संगत भएको शोचनीय

---

नाना प्रकारका रोग पैदा हुन लागे, १ । २ पटक सुत्केरी हुदैमा स्त्री हरू वेकम्मा हुन लागे, हृष्ट पुष्ट वलिष्ठ बालक हरू प्रायः देखिन छाडे । जता हेर्‍यो उतै विधवै विधवा देखिन्छन्. प्रायः विधवाहरूमा बाल-विधवै ज्यादा पाइने भये, पुनर्विवाहका कर्णकटुवचन यत्रतत्र फैलिदै गयेका छन्. । यस्ता प्रकार संग यो खराव चलनले गर्दा देश दुर्गतिको पराकाष्ठामा पुग्ने वाटामा लागेको छ"

यो कुराको विचारै नराखेर पुतली खेले जस्तो नासमुझ बालक वालिकाको विवाहमा सहमत भएर आठैवर्षमा विवाह हुने गौरीकन्याको गोडा धुदा स्वर्ग पाइएला भन्ने उम्मेद गर्ने, त्यस्तो विवाह वाट कन्यापक्ष वरपक्ष दुवैलाई साह्रै अनिष्ट हुने र त्यस्तो संमतिले आफुलाई प्रत्यवाय र देशलाई दुर्दशा लाग्ने कुराको वास्तै नराख्ने, · मेरो व्यतिक्रम अति भयानक छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थामा मैले सर्वकल्याणकारी वेदसंमत भएको हजूर्को प्रतिमा पूजनको क्रम ( अधिकार अनुसारको उत्तरोत्तर भूमिकामा गर्नु पर्ने उचित उपासना ) लाई छाड्न पनी खोंजे, भगवन् ! त्यस अवस्थाको त्यो व्यतिक्रम क्षमागरिबक्सियोस्ः—

( ५४ )

अपक्वबुद्धेः शुभसाधकं श्रुते-
र्मतं त्वदीयप्रतिमार्चनक्रमम् ।
जिहासतोऽनार्यजनानुषङ्गतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

* श्रुतिस्मृतिपुराणमा मानिएको साकार ईश्वरको उपासनाले शुद्धान्तःकरण भएको मानिस मात्र निराकार ईश्वरको उपासनामा अधिकारी हुन्छ । एकदम निराकार मनोवचनातीत भऐका ईश्वरको उपासना हुनै शक्तैन'' यस्तो अटल सिद्धान्तलाई मूर्खजनहृदयङ्गम (मूर्खहेरुलाई मात्र मन्यर्ने) भएका व्याख्यान (लेकचर) द्वारा खण्डन गरेर सनातनधर्मको सूलमा कुठाराघात गर्न खोज्ने अनार्यहरूले आफ्नु आशयानुसार यथाभावी वेदको अर्थ गरेर दुनियामा अनर्थ फैलाई रहेको कुरा उस वखतमा थाहा नपाई 'मूर्तिपूजा छोडौं छोडौं' यस्तो दुःसंकल्प गरेर व्यतिक्रमवाला भएँ ता पनी, आज हजूरका अतुल कृपाले पाएका शास्त्रज्ञानका प्रभावले अनार्यहरूको उक्तिलाई अक्षरक्षः खण्डन गर्ने उत्साह लिएको हुनाले मैले त्यसव्यतिक्रमको क्षमा पाउनु पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! कुनैदिन ठूला विद्वान्ले पनी * पढ्नु पर्ने, शिष्ट हरुले आदर गरिएका, जगद्विख्यात भएका, पुराण

---

* ॐ अधीहि भगव इति होपससाद सनत्कुमारं नारदस्त ऽहो वाच यद्वेत्थ तेन मोपसीद ततस्त ऊर्ध्वं वक्ष्यामीति ॥ १ ॥ स होवाच ऋग्वेदं भगवोऽध्येमि यजुर्वेद ऽ सामवेद माथर्वणं चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदं पित्र्य- ऽ राशिं दैवं निधिं वाकोवाक्यमेकायनं देवविद्यां ब्रह्मविद्यां भूतविद्यां क्षत्रविद्यां नक्षत्रविद्या ऽ सर्वदेवजनविद्यामेतद्भ- गवोऽध्येमि ॥ २ ॥ [ छान्दोग्योपनिषत् अ० ७ । ]

अर्थात् आत्मविद्याको प्राप्तिका निमित्त—

"भगवन् ! सनत्कुमार ! उपदेश गर्नु हवोस्" भनी नारद उपसन्न ( अध्ययनार्थी समीपवर्ती ) भये। तिन्लाइ सनत्कुमारले—'जो पढेर जानेका छौ, त्यो मलाइ वताउ, अनी त्यहाँ भन्दा माथीको कुराम वताउँला" यो भने। नारदले भने "भगवन् ! ऋग्वेद पढेको छू। यजुर्वेद-सामवेद-चतुर्थ अथर्ववेद-इतिहासपुराण पञ्चमवेद-वैदिक व्याकरण श्राद्धकल्प–राशिगणित–निधिशास्त्र–तर्कशास्त्र–नीतिशास्त्र–निरुक्त –वैदिक शिक्षाकल्पछन्दः प्रभृति-भूततन्त्र-धनुर्वेद-ज्योतिष-गारूडविद्या-गान्धर्वविद्या यति पढेको छू"।

यो आख्यायिका वाट—"संस्कृतवाणीको प्रचार भएैको ( संस्कृत मातृभाषा भएैको ) कालका नारदमुनिले ४ वेद पढे पछी इतिहासर पुराण पढेको रहेछ" यो कुरा सिद्ध हुन्छ।

**"इतिहासपुराणानां पिता मे रोमहर्षणः"** [ भागवत ]

सूतजी भन्दछन्की—"मेरा पिताजी रोमहर्षणले व्यास संग इति- हासकोर पुराणको अध्ययन गर्नु भयो" यतावाट पनि पुराणको अध्ययनै गर्नुयनै बुझिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"सोऽहं वः श्रावयिष्यामि यथाधीतं यथामति" [भागवत]

सूतजी भन्छन्की "त्यो (गुरुमुख गरेर पुराण पढ्ने) म अध्ययनानुसारर वुद्धयनुसार तपाईहरूलाई सुनाउँछू" यता वाट "गुरुमुख गरेर पढेको विद्या पनी वुद्धि अनुसार न्यूनाधिक हुन आउछ" यो कुरा सिद्ध हुन्छ।

"अविच्छिन्नप्रवाह भएको यो संसारमा शिष्टसंप्रदायले चली आएको पुराणगण माननीय छ" योकुरापनी विचार विवेकवालाका हृदयमा दृढै रहेको छ।

"पुराणका तत्तद्वचन अघी अघीका निवन्धकारले प्रमाणोपन्यासका निमित्त आफ्ना आफ्ना निवन्धमा उद्धृत गरेका छन्" यतावाट "जगत्प्रसिद्ध विविध शास्त्रवेत्ता निवन्धकार हरूले पुराणलाई आदर पूर्वक प्रमाणकोटिमा राखेका छन्" यो कुरा सिद्ध हुन आउछ। माथि देखाईएका सवै उपपत्तिले यो पुराणको दर्जा उच्च छ ता पनी आजकाल यस्लाई आदर गर्ने विरलै पाइन्छन्। इनै इतिहास र पुराणवाट वेदार्थको उपवृंहण (पुष्टीकरण) गर्नु पर्दछ। थोरै शास्त्र जान्ने (इतिहास पुराणको यथार्थ ज्ञान न भएका) मानिस देखी "यो स्वाँठले मलाई विताउँ छ" भनी वेदपुरुष हरू डराउछन्—

**इतिहास पुराणाभ्यां वेदार्थमुपवृंहयेत्।**
**बिभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरेदिति॥**

यस्तो पुराणका उपर आजकालका बहुश्रुत विद्वान्हरूले उपेक्षा गरिदिंदा थोडा वहूत पढेका साधारण पण्डितले पुराणको सत्ता सम्म राखेर लोक सेवा गरी रहेका छन्।

इनै पुराणका उपर नाना प्रकारका आक्षेप गरेर विधर्मी हरूले सनातन धर्मको मूलोच्छेद गरी हाम्रो कल्याणमार्ग भत्काउन लागेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरुको नीच मूर्खहरुले निन्दा गर्न लागेका वेलामा कत्ति लाज न मानेर मैले सुनी रहें, त्यो व्यतिक्रम क्षमा गरिबक्सियोस्:—

( ५५ )

विचक्षणाध्येयमहाजनादृत
प्रतीतपौराणगणावगर्हणाः ।
अलज्जमाकर्णयतः पृथग्जनात्
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! प्रायः मैले फुर्सद छैन भनेर आफ्ना भाई भतीजा हरुलाई देवताको नित्यपूजा गर्न अह्राएर आफु गफमा लागी वाञ्छित प्रतिष्ठा ( केवल इच्छाले मात्र खडा गरेको वास्तवमा

---

विधर्मी हरूले गरेका आक्षेपको समाधानका निमित्त आफुले सके सम्म शास्त्रानुसन्धान गर्नु, शंका रहेको कुरामा ठूलाठूला विद्वान्हरू सँग जिज्ञासा गर्नु, संप्रदायवालाहरूले आफ्ना इच्छानुसार पाठ थपेका र हालमा त्यस्तै छापियेका पुराणका पुस्तकको भर नराखेर, विधर्मीहरूको आक्रमण नभएको हुनाले प्रायः जस्ताको तस्तो स्वरूपले अमुद्रित अवस्थामा यत्र तत्र हाम्रा देशमा रहेका प्राचीन प्राचीन पुस्तकको संग्रहका निमित्त यथोचित उपाय गर्नु र तदनुसार इतिहास पुराणको प्रामाण्य स्थापित गरी धर्मसंरक्षण गर्नु पर्नेमा निर्लज्ज भएर अरुले गरेको पुराणनिन्दा सुन्नु मेरो व्यतिक्रम हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न भएको इज्जत ) ले मस्त भएर रहें। यो ❀ व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

---

❀ धर्मार्जितधनक्रीतैर्यः कुर्यात् केशवार्चनम्।
उद्धरेत्स्वेन सहितान् दश पूर्वान् दशापरान्॥ [भविष्योत्तर]

यो वचनको अनुसार स्वधर्मोपार्जित धनले खरीद गरेका उपचार चढाएर विष्णुभगवानको पूजा आँफैले गरी आफ्ना २१ पुस्ता-उद्धार गर्नलाई श्रद्धा गर्नु पर्नेमा—

स्वयं यजति चेद्देवमुत्तमा सोदरात्मजैः।
मध्यमा या यजेद्भृत्यै ,रधमा यजनक्रिया॥ [शम्भु रहस्य]

यो वचनको अनुसार—

भृत्य ( नौकर ) द्वारा पूजा गराउने निकृष्टपक्ष "भाई छोराहरूको द्वारा पूजा गर्ने मध्यम पक्ष मध्ये विना प्रबल कारण मध्यम पक्षको स्वीकार गर्दा—

प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते।
न सांपरायिकं तस्य दुर्मतेर्विद्यते फलम्॥
आपत्कल्पेन यो धर्मं कुरुतेऽनापदि द्विजः।
स नाप्नोति फलं तस्य परत्रेति विचारितम्॥ [मनु० ११।२८]

यो वचनानुसार त्यस्ता पूजाको फल भूसियेको वास्तै न राखेर—

कलौ कलिमलध्वंसं सर्वपापहरं हरिम्।
येऽर्चयन्ति नरा नित्यं तेऽपिवन्द्या यथा हरिः॥ [महाभारत]

यो वचनानुसारको वन्द्यता ( प्रतिष्ठा ) हाशील गर्ने पट्टी नलागेर मनोमोदक ( मनको लड्डू ) बनाउदै धिउ संग खाँदै गर्नु मेरो भारी व्यतिक्रम हो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५६ )

**स्वयं क्षमाभावसुदीर्थ तावकं**
**समर्चनं कारयतः परैर्जनैः ।**
**प्रतिष्ठया वाञ्छितयैव तिष्ठतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! चित्तको दमन गर्ने ताकत नहुदैमा यता उती वाट सुनेका २।४ ओटा वेदान्ती हरुका वचन घोक्तैमा, आफ्ना नित्यनैमित्तिककर्म छाड्न खोज्ने, गृहस्थ भएर प्रपञ्च पनी गर्दै रहने, मेरो भारी ❀ व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

---

❀ कुनै कालमा थोडा बहूत आत्मबोध तत्त्वोध रटेर वेदान्तीभई आफ्ना सन्ध्योपासनादि सवै कर्मछाडी सकेका; अरुलाई समेत—

**पूर्णस्यावाहनं कुत्र सर्वाधारस्य चासनम् ।**
**स्वच्छस्य पाद्यमर्घ्यं च शुद्धस्याचमनं कुतः ॥**
**निर्मलस्य कुतः स्नानं वस्त्रं विश्वोदरस्य च ।**

इत्यादि उपदेश गरेर "आजा पूजा गर्नु पर्दैन" भन्ने; वाच्या वाच्यको विचार न लिएर मस्तहुदा—

**अवाच्यमुच्चकैरेव समुच्चार्य मुदान्विताः ।**
**कलौ वेदान्तिना भान्ति फाल्गुने बालका इव ॥**

यो शिष्ट वचनको अनुसार फाल्गुन महिनाका होलीमा मत्त भएका बालकतुल्य हुन गएका मानिसको सोवतले आचार भ्रष्ट हुने नौवत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आयेको थियो, त्यस समयमा कसो कसो आफुले गरि आयेको कर्म छाडिएन, श्रद्धा भने केहिं घट्यो। यस्ता प्रकारले सबाट व्यतिक्रम हुन गयो ता पनी पछी पछी हजूरका अतुल अनुग्रहले योग्य सज्जनको सहवास र शास्त्रको रुचि हुनजाँदा—

"(१)अपरोक्षज्ञान नभई मोक्ष पाइदैन। (२)अनेक प्रकारका देव पूजनादि यज्ञ र पञ्चमहायज्ञद्वारा यो शरीर मा ब्राह्म संस्कार भएपछी पापक्षय हुन्छ र ज्ञानको उत्पत्ति हुन आउछ। (३)आत्मज्ञान हाशील गर्नाका निमित्त ब्राह्मणहरु-वेदाध्ययन-यज्ञ-दान-तप-अनाशक (उपवास) गर्दछन्।

(४) जहाँ सम्म मायाको निराकरण गर्न नशकेर आफ्नु शरीरमा चोटपटक लाग्दा ऐय्या! भन्दछ, अत्तर चन्दन प्रभृति उत्तम वस्तु लाग्दा आहा! भन्दछ, मलमूत्र लाग्दा छी! छी! भन्दछ, त्यहाँ सम्म विधिनिषेधको तावेदारीमा रहेर विहित कर्म गर्नै पर्दछ निषिद्धकर्म छाड्नै पर्दछ।

---

**(१) तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय।** [ यजुर्वेद ]

**(२) महायज्ञैश्चयज्ञैश्च ब्राह्मीयं क्रियते तनुः।**
**ज्ञानमुत्पद्यते पुंसां क्षयात् पापस्य कर्मणः॥**

[ मनुस्मृति ]

**(३) तमेतं वेदानुप्रवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसाऽनाशकेन।** [ उपनिषद ]

**(४) यावच्छरीरादिषु माययात्मधीस्तावद्विधेयो विधिचादकर्मणाम्।** [ रामगीता ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ५७ )

प्रदर्श्य वेदान्तमतं निजाः क्रिया
अदान्तचित्तस्य सतो मुमुक्षतः ।
गृहस्थतामाश्रयतो बृहत्तमं
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

---

(१) खाली मुखले मात्र सोऽहम्–ब्रह्मैवाहम् इत्यादि बोल्ने, सुख-दुःख-हर्षविषाद-मानापमान-लाभहानि प्रभृतिमा एकरूप रहन नशकेर सुखमात्राभिलाषी भएको धूर्तलाई चण्डाल समान संझेर स्पर्श नगर्नु ।

(२) जस्ले ब्रह्म जान्दिन भन्दछ त्यसैले जान्यो, जस्ले जान्दछू भन्दछ त्यस्ले जानेन ।

(३) जस्ले यो सबै प्रपञ्च जानिन्छ त्यस्लाई केले जान्ने ? विज्ञाता-लाई केले जान्ने ।

इत्यादि वचनले कर्ण पवित्र र अन्तः करण प्रसन्न हुँदा अघिको व्यतिक्रमको क्षमा प्रार्थना गर्दछू. अजानले गरेको सो व्यतिक्रम अवश्य माफ रहने छ ।

---

( १ ) सांसारिकसुखासक्तं ब्रह्मज्ञोऽस्मीति वादिनम् ।
कर्मब्रह्मोभयभ्रष्टं तन्त्यजेदन्त्यजं यथा ॥ [ गारुड ]

( २ ) यस्यामतं तस्य मतं मतं यस्य न वेद सः । [उपनिषद्]

( ३ ) येनेदं सर्वं विजानाति तं केन विजानीयात् विज्ञातारमरे ! केन विजानीयात् । [ बृहदारण्यकोपनिषत् ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवन् ! गोविन्द ! गुफामा खडा रहि वक्सिएका र जङ्गिएका भालुका नङ्ग्राले ठाउँ-ठाउँ मा घायल गराइएका हजूरको स्मरण नगरीकन सहजैमा लोकापवाद्वाट वच्न खोज्ने मेरो ❀ व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

( ५८ )

सरोषऋक्षेशनखक्षताञ्चितं
गुहागतं त्वामविचिन्त्य चेतसा ।
अलाञ्छनत्वं सहसैव वाञ्छतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! अनन्याश्रय भई शरणागत भएका प्राणिलाई अभय दिने † व्रत लिइवक्सिने, साम्ने पनी राजभई

---

❀ "खाएको छैम विराएको छैन—के को टण्टा ?" यो पक्षमा नलागेर धुइरो धुइरो लोकापवाद (स्यमन्तमणिविषयको वात) लाग्नाका साथ स्यमन्तमणिको अनुसन्धान गर्दै गुफामा पुगेर जाम्ववान् नामक वूढो भालू सँग अट्ठाइस अट्ठाइस् दिन सम्म कुस्ती लडदा शरीर च्छियाच्छिया भएका धर्मसंस्थापक भगवान् श्रीकृष्णलाई संझेर लोकापवादवाट वंच्नाका निमित्त परिआयेको सवै कष्ट भोग्नालाई अग्रसर हुनु पर्नेमा कोशीस विल्कुल नगरीकन "मलाई कसैले केही न भनून्" यस्तो मन्सुवा गर्नु मेरो व्यतिक्रम हो ।

† सकृदेव प्रपन्नाय तवास्मीति च याचते ।
अभयं सर्वभूतेभ्यो ददाम्येतद्व्रतं व्रतं मम ॥
[ वा० रामायण । ]



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वक्सेका प्रभुलाई ई छालाका आँखाले न देख्तैमा विपत्तिका आघात पर्दा २ कर्तव्य मूढ भएर रहने मेरो व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

( ५९ )

**प्रपन्न लोकाभयदानदीक्षितं**
**पुरःस्थितं त्वामनिरीक्ष्य चक्षुषा ।**
**विपत्तिलुप्तप्रतिपत्ति शोचतः**
**क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥**

× × ×

भगवन् ! गोविन्द ! पवित्रकीर्ति, फलदङ्घ्रि पादप ( चरण कल्प वृक्षवाट सवैकुरा फलाइदिने ) बलानुज ( वलभद्रको भाई ) भव्यभुज ( चारै पुरुषार्थ दिने उदार बाहुवाला ( महाप्रभुलाई छाडेर अपवर्ग ( मोक्ष ) खोज्ने मेरो *व्यतिक्रम क्षमा गरि वक्सियोस्:—

---

मां हि पार्थ ! व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥ गीता ।
मया तत मिदं विश्वं जगदव्यक्तमूर्तिना । गीता ।

इत्यादि ईश्वरका मुहारवाट लोककल्याणका निमित्त निस्केका वचनमा श्रद्धाशैथिल्य गरेर शोकले झोक्राई रहनु मेरो व्यतिक्रम हो ।

* स्वयं निराकार भएर पनी लोककल्याणका निमित्त पवर्गको समष्टिले साकार भई प्रकट भइवक्सेका महाप्रभु ( भगवान्श्रीकृष्ण )

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( ६० )

पवित्रकीर्तिं फलदङ्घ्रिपादपं
बलानुजं भव्यभुजं महाप्रभुम् ।
विहाय तं त्वामपवर्गमिच्छतः
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

भगवन् ! गोविन्द ! त्रिगुणको समष्टिवाद पैदा भएको, बाल्य-यौवन-वार्धक्य ई ३ अवस्थाले खूब बढ़ाइएको, जाग्रत्-स्वप्न-सुषुप्ति ई ३ अवस्था र,—कायिक–वाचिक-मानसिक ई ३ उपाधिले भिन्न-भिन्न गराएको हुनाले अनन्तस्वरूप ( वेगन्ती + शेषनाग ) भएको, मेरो व्यतिक्रम लाई करुणाको महासागरस्वरूप भइ-वक्सेका हजूर्ले आफ्नु महत्त्वद्वारा वेपत्ता हुने तरीकाले क्षमा गरि वक्सियोस्:—

( ६१ )

गुणत्रयोत्थं वयसा प्रपञ्चितं
प्रबोधसुप्तादिदशाविशेषितम् ।

---

लाई भक्तिमार्ग पट्टी लागेर रिझाई मोक्ष लिनाको उद्देश न राखेर अरू रूखा रूखा उपायान्तरवाट निराकार ईश्वरको उपासन द्वारा अपवर्ग ( मोक्ष ) खोज्नु मेरो ठूलो ३ व्यतिक्रम हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनन्तरूपं करुणामहार्णव !
क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

× × ×

इति प्रपञ्चचर्चा समाप्ता

शुभम्.

यस्को उत्तरार्द्ध परमार्थचर्चा तयार गर्ने मेरो संकल्पको पूरण

ईश्वराधीन छ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अमूल्य अवसर ! ॐ श्रीगुरुः शरणम् ॐ अनुपम उपहार !!

प्रिय ! नेपालदेशीयच्छात्रवर्ग ! काशीमा अनेकानेक पुस्तकालय छन् ता पनी यो 'धनधान्येश्वरपुस्तकालय' अरु भन्दा विलक्षण गराई स्थापित भयेको छ. यस्को उद्देश्य अकिञ्चन छात्रगणलाई अति—स्वल्पमूल्यमा पुस्तक दियेर विद्याभिरुचि बढाँउनु हो, यस पुस्तकालय का स्थायीग्राहक विद्यार्थिवर्गलाई पुस्तकव्यवसायबाट । आयेका नाफा मध्ये योग्यतानुसार रूलदार सादा कापी रूप पुरस्कार दिने र उत्तमोत्तम नवीन र प्राचीन यहाँबाट र अन्यत्रबाट प्रकाशित भयेका ग्रन्थ अति सरल मूल्यमा दिने प्रबन्ध गरियेको छ । तपाईं हरूले यस्मा सहयोग दिई लाभ हासिल गर्नु होला भन्ने उम्मेद छ. **केही उपयोगी पुस्तकको तप्सील**

---

विक्रयार्थ **प्रथमपरीक्षा** आदि पाठ्यपुस्तकोंकी सूची ।

१. **लघुकौमुदी** प्रश्नोत्तरी सहित सटिप्पणी ।=)
२. **रघुवंश** १–५ सर्ग प्रश्नोत्तरी सहित शिशुहितैषिणी टीका मल्लीनाथ ॥)
३. **तर्कसंग्रह** प्रश्नोत्तरी सहित सटीक ।–)
४. **वाल्मीकी रामायण** प्रश्नोत्तरी सहित १ सर्ग ≡)
५. **पञ्चतन्त्र** सटिप्पण अपरीक्षितकारक =)
६. **गणित सङ्ग्रहः** ≡)
७. **छन्दो विज्ञान** सटिक ≡)
८. **सिद्धान्त चन्द्रिका** ।॥)
९. **मुग्धबोध** ४)
१०. **सारस्वत** ।)
११. **कलाप** ॥)
१२. **शब्दरूपावली** =)
१३. **समासचक्र** सटिप्पण –)
१४. **धातुरूपावली** =)
१५. आपदुद्धारक **बटुक** भैरव **स्त्रोत्र** –)
१६. **विश्वावसुगन्धर्व** यह शीघ्रसे शीघ्र लाभदायक है ।)
१७. **प्रथमाप्रश्नोत्तरी** संग्रहः ॥)
१८. गङ्गालहरी सान्वय हिन्दी भाषा टीका सहित ।)

हर एक संस्कृतकी सब प्रकारकी भाषाकी पुस्तकें सस्ती मिलनेका स्थान—

धनधान्येश्वर 'विक्रेय' पुस्तकालयाऽध्यक्ष,

पं० सीताराम भट्ट भट्ट,

रतनफाटक पत्थर गली नं० १ बनारस सिटी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# सूचना

साहित्याचार्य पं० कुलचन्द्रकृत अमरकोशटीकाको परिचय नभयेका मानिस विरलै होलान्। हाल उनैले सर्वसाधारण छात्रवर्गका सेवाका निमित्त अर्को अमरकोश छपाई तयार गरेको छ. यस्मा बिलकुल साना २ केटाकेटीले समेत बुझ्ने गरी टिप्पणी दियेको छ. अमरकोशले मात्र नपुग्ने, व्यवहारमा चलेका धेरै चीजवीजका संस्कृत नाम जान्न अभिलाषा गर्ने सज्जनका निमित्त यस्मा 'अमरपरिशेष' समेत नयाँ तयार गरेर मिलायेको छ। यो पुस्तक सानासाना विद्यार्थी देखी लियेर पण्डित भईसकेका मानिस सम्मलाई ठूलो उपयोगी छ. मूल्य १ रुपया कंपनी।

प्राप्तिस्थान

नं० २३ टंगाल नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection